कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सुपर मादी हाइड्रोपावर लिमिटेड

# Super Madi Hydropower Limited

रजिष्टर्ड कार्यालयः का.म.न.पा. ३०, डिल्लिबजार, काठमाण्डौ, नेपाल ।
फोन नं.०१-४५२७०९०, ०१-४५२३९७१
इमेलः supermadihydro@gmail.com, वेबसाइटः www.supermadihydro.com.np

को

# विवरण-पत्र

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)**

कम्पनीको आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरु तथा आम सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याएको आफ्नो जारी पूँजी रु.२,१०,००,००,०००/– (अक्षरेपी दुई अर्व दश करोड रुपैंया मात्र) मध्ये १५% अर्थात रु.३१,५०,००,०००/– (अक्षरेपी एकतीस करोड पचास लाख मात्र) रकम बराबर प्रति शेयर रु. १००/- अंकित मूल्यको ३१,५०,००० कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको ५% अर्थात रु.१०,५०,००,०००/– (अक्षरेपी दश करोड पचास लाख रुपैंया मात्र) रकम बराबरको प्रति कित्ता रु.१००/- अंकित दरको १०,५०,००० कित्ता शेयर मध्ये आयोजना अति प्रभावित क्षेत्र कास्की जिल्लाको मादी गाउँपालिकाको वडा नं. १ र २ का स्थानीय बासिन्दाहरुको लागि ३,१५,००० कित्ता तथा आयोजना प्रभावित क्षेत्र कास्की जिल्लाको मादी गाउँपालिकाको वडा नं.३,४,५,६,७,८,९,१०,११ र १२ तथा पोखरा म.न.पा.वडा नं. २६, २७ र २८ का स्थानीय बासिन्दाहरुको लागि ७,३५,००० कित्ता शेयर निष्काशन गरिएको तथा जारी पूँजीको १०% ले हुने अर्थात रु.२१,००,००,०००/- (अक्षरेपी एक्काइस करोड मात्र) रकम बराबरको रु.१००/- अंकित दरको २१,००,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात २,१०,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि र ५% अर्थात १,०५,००० कित्ता शेयर सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरिएको तथा २% अर्थात ४२,००० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि सुरक्षित गरि बाँकी रहने १७,४३,००० कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन गरिएको छ ।

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/– को दरले (शत्प्रतिशत भुक्तानी माग गरिएको)**

**नेटवर्थ सम्वन्धी विवरण**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति शेयर (नेटवर्थ) रु. | ९९.९१ | ९९.९१ | ९९.८० | ९९.८६ | १०६.२६ | ११३.८३ | १२५.१९ |
| प्रति शेयर आम्दानी (रु.) | – | – | (०.१३) | – | ६.३८ | ७.५७ | ११.३६ |
| संचित नाफा नोक्सान (रु.हजारमा) | (९१९) | (९१९) | (२,५१९) | (२,५१९) | १३१,५१० | २९०,४३४ | ५२८,९१४ |

**प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरणः**

संगठित संस्थाद्वारा प्रवर्द्धित सुपर मादी जलविद्युत आयोजना (४४ मे.वा.) को निर्माण अवधिको ब्याज सहित (IDC) प्रति मेगावाट लागत रु.१८,९७,७२,७२७/- (अक्षरेपी अठार करोड सन्तान्नब्वे लाख बहत्तर हजार सात सय सत्ताइस मात्र) तथा कूल लागत रु.८,३५,००,००,०००/- (अक्षरेपी आठ अर्ब पैंतिस करोड मात्र) अनुमान गरिएको छ ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरणः**

इजाजतपत्र वहाल रहने अवधि मिति २०७३/१२/२१ देखि २१०८/१२/१६ सम्म रहेकोले २९ वर्ष ६ महिना बाँकि रहेको छ ।

**शेयर पूँजीमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धी विवरणः**

साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ६.२८. वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) ११.१० वर्ष रहेको छ । खुद नगद प्रवाह (NPV) रु.२९,८२,०२७,३२८/– आन्तरिक प्रतिफल दर (IRR) १४.९७% तथा बट्टा दर (Discount) १०.५०% रहेको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयम्को हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ (पेज नं. १५) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**रेटिङ्ग सम्बन्धी विवरणः**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनुपर्ने भएकोले “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेडबाट मिति २९/१२/२०२२ मा इस्यूर रेटिङ्ग पूनर्पुष्टि गराई "[ICRANP-IR] BB" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] BB" ले कम्पनीको तत्काल दायित्व वहन गर्ने क्षमतामा औषत जोखिम (Moderate risk of default regarding timely servicing of financial obligation) रहेको भन्ने बुझिन्छ । ईक्रा नेपाल लिमिटेडले “[ICRANP- IR]AAA” देखि “[ICRANP- IR]D” सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "[ICRANP- IR]AAA " ले बलियो आधार जनाउँछ भने “[ICRANP- IR]D” ले कमजोर आधार जनाउँछ ।

**रेटिङ्ग प्रदान गरेको मिति : २९/१२/२०२२** **बहाल रहने अवधि : २८/१२/२०२३**

यस विवरणपत्र मार्फत निष्काशन भएका शेयर मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर र सर्वसाधारणका लागि निष्काशन गरेको शेयर मध्ये कर्मचारीहरुलाई छुट्याईएको शेयर सर्वसाधारणलाई बाँडफाँड भएको मितिले तीन बर्ष पुरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

**नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मितिः २०७९/०८/०६ गते** | **कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मितिः २०७९/०८/११ गते**

| साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला मितिः | २०७९/१०/०९ गते देखि |
| धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा): | २०७९/१०/१२ गते (बैकिङ्ग समय पश्चात्) सम्म |
| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा): | २०७९/१०/२३ गते (बैकिङ्ग समय पश्चात्) सम्म |

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल, काठमाण्डौ, नेपाल, फोन नं.: ०१-४५४०५०८
Email: sanimacapital@sanimabank.com, Website: www.sanima.capital

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.sanimacapital निष्काशनकर्ता कम्पनीको Website: www. supermadihydro.com.np साथै नेपाल धितोपत्र बोर्डको Website: www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ ।**

**ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा** :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ।

ख) "धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक" भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी सानिमा क्यापिटल लिमिटेड लाई सम्झनु पर्छ।

ग) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी सुपर मादी हाइड्रोपावर लिमिटेड लाई सम्झनु पर्दछ।

घ) "संस्थापक संगठित संस्था" भन्नाले सुपर मादी हाइड्रोपावर लिमिटेडमा संस्थापक शेयर धारण गर्ने कम्पनीहरु सम्झनु पर्छ।

ङ) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा बण्ड सम्झनु पर्दछ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्रि वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ।

च) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ।

छ) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्रि प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्ने जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ।

ज) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ।

झ) "संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन" भन्नाले सुपर मादी हाइड्रोपावर लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ।

ञ) "बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ।

ट) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ।

ठ) "आस्वा सदस्य" भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ।

ड) "प्रति शेयर नेटवर्थ" भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगाएतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ।

ढ) "प्रति शेयर आम्दानी" भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ।

ण) "साधारण लगानी फिर्ता हुने अवधी" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजना बाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफल लाई जनाउँदछ। यसलाई वर्षमा ब्यक्त गरिन्छ। यसले कति बर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँछ।

त) "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजना बाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टा दर द्वारा (Discount rate) वर्तमान मूल्यमा परिणत गरि आउने नगद प्रबाहबाट परियोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफल लाई जनाउँदछ। यसलाई वर्षमा ब्यक्त गरिन्छ। यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति बर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँछ।

थ) "नगद प्रवाह" भन्नाले परियोजना बाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टि तथा अमोर्टाइजेसन जोडि कार्यशिल पूँजीमा भएको परिवर्तन (चालु पूँजी - चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणाम लाई जनाउँदछ।

द) "खुद सम्पत्ति (नेटवर्थ)" भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पूर्नमूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ।

ध) "धितोपत्र प्रत्याभूतिकर्ता" भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी प्रभु क्यापिटल लिमिटेडलाई सम्झनु पर्छ।

न) "आयोजना प्रभावित क्षेत्र" भन्नाले आयोजनाको निर्माणबाट प्रभावित तथा अति प्रभावित क्षेत्र लाई जनाउँदछ।

य) "वैदेशिक रोजगारीमा रहेका नेपाली" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँदछ।

र) "विप्रेषण (रेमिटयान्स्) बचत खाता" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ।

**ख.२. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

| क्र.सं | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, सम मार्ग-०१, नक्साल, काठमाण्डौ र वेबसाइट : www.sanima.capital |
| २. | सुपर मादी हाइड्रोपावर लिमिटेड, का.म.न.पा. ३०, डिल्लिबजार, काठमाण्डौ र वेबसाइट : www.supermadihydro.com.np |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र वेबसाइट : www.sebon.gov.np |

**सर्वसाधारण लगानीकर्ताहरुको लागि मात्र :**

| क्र.सं | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानः |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फारम प्राप्त गर्ने र बुझाउने सम्बन्धी व्यवस्था :**
**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम बुझिलिने व्यवस्था गरिएको छ :**

| क्र. सं. | संकलन केन्द्रको नाम, ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नं. | क्र. सं. | संकलन केन्द्रको नाम, ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| १. | एनसिसि बैंक लि, न्यूरोड शाखा, पोखरा, कास्की | लोचन गुरुङ्ग | ९८०८५८११३२, ०६१–५७८७६२ | ६. | सानिमा बैंक लि, अमरसिंह शाखा, पोखरा, कास्की । | प्रवेश विक्रम शाह<br>विरेन्द्र लाल श्रेष्ठ | ९८४६००२०१५<br>९८५६०३१६८४<br>०६१–४३५२२५ |
| २. | कुमारी बैंक लि, कहुनखोला शाखा, पोखरा, कास्की । | खगेन्द्र वाग्ले | ०६१–५८४२५५/ ६६ | ७. | सानिमा बैंक लि, बगर शाखा, पोखरा, कास्की । | बलराम के.सी. | ९८४६०२५१४२<br>०६१–५५३६३५ |
| ३. | माछापुच्छ्रे बैंक लि, मादि गाउँपालिका, कास्की । | श्रीकान्त पन्थी | ९८५६०२०१२८, ०६१–५०६४०८ | ८. | सानिमा बैंक लि, बिरौटा शाखा, पोखरा, कास्की । | नविन विक्रम रायमाझी | ९८५६०७६४४४<br>०६१–४६७६४० |
| ४. | माछापुच्छ्रे बैंक लि, लेखनाथ शाखा, पोखरा, कास्की । | अनुप वस्नेत | ९८५१००७८५६ | ९. | सुपर मादी जल विद्युत आयोजनास्थल, मादी गा.पा-१ कास्की । | सम्झना थापा क्षेत्री | ९८५६०७८५५० |
| ५. | सानिमा बैंक लि, न्यूरोड शाखा, पोखरा, कास्की । | हरि प्रसाद अर्याल | ९८५६०२५५६६<br>०६१–५७५०४२ | | | | |

आवश्यकता अनुसार स्वीकृती लिएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ । दरखास्त फारम रु.२/–(स्थानियवासीको हकमा मात्र) भुक्तानी गरि प्राप्त गर्न सकिनेछ ।

**नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आस्बा मार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको ।**

**सर्वसाधारणहरुको लागि आवेदन दिने प्रकृया :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सिआस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुले आवेदन प्राप्त गर्ने र बुझाउने स्थानः**

| क्र.सं | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानः |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

## ग.१. धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धकको उद्घोषण :

हामीलाई सुपर मादी हाइड्रोपावर लिमिटेड तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२. संगठित संस्थाको उद्घोषण :

**ग.२.क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्रि प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेको छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण:**

यस कम्पनीले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीका बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता यस कम्पनीमा रहने छैन । साथै, त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नु पर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यबस्थाको पालना सम्बन्धी उद्घोषण:**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग, आदि) को सार्वजनिक निष्काशनसँग सम्बन्धित कानुनी व्यवस्था तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०७६/०७७ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो अद्यावधिक रहेको व्यहोरा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०७/२१ गतेको पत्रबाट प्राप्त भएको छ । यस कम्पनीले विद्युत नियमन आयोगबाट प्राथमिक शेयर निष्काशनको लागि मिति २०७९/०३/१० गते पूर्व स्वीकृति समेत प्राप्त गरिसकेको छ ।

**ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) सुपर मादी हाइड्रोपावर लिमिटेडको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) सुपर मादी हाइड्रोपावर लिमिटेडको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुखको रुपमा छैनन्।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) सुपर मादी हाइड्रोपावर लिमिटेडको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारीः

### ग.३.क.संगठित संस्थाको पृष्ठभूमिः

(क) **संस्थाको नामः** सुपर मादी हाइड्रोपावर लिमिटेड (Super Madi Hydropower Limited)

(ख) **संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुराः**

यस कम्पनी "**सुपर मादी हाइड्रोपावर लिमिटेड**" कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६५/१०/०३ गते पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०६९/०८/१८ गते कारोवार सञ्चालन अनुमति प्राप्त भई सञ्चालन हुँदै आइरहेको छ।

(ग) **संस्थाको रजिष्टर्ड ठेगानाः**

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३० डिल्लिबजार, काठमाण्डौमा रहेको छ। आवश्यकता अनुसार सम्बन्धित कार्यालयको स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालय खोल्न सकिनेछ।

(घ) **कारोवार गर्ने मुख्य स्थानः**

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ३०, डिल्लिबजार, काठमाण्डौ र कास्की जिल्लाको मादी गाउँपालिका वडा नं १ मा सुपर मादी जलविद्युत आयोजनाको कार्यालय रहेको छ।

(ङ) **संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**यस कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

(१) यस कम्पनी सुपर मादी जलविद्युत आयोजना (४४ मे.वा.) निर्माण तथा सञ्चालन गर्ने उद्देश्यका साथ मिति २०६५/१०/०३ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०६९/०८/१८ देखि कारोबार संचालन गर्दै आएको छ।

(२) यस कम्पनीले कास्की जिल्लाको मादी गाउँपालिकाको सिमाना भएर बग्ने मादी नदीको बहाव सदुपयोग हुने गरी ४४ मे.वा. क्षमताको सुपर मादी जलविद्युत आयोजना निर्माण गरिरहेको छ। यो आयोजनाको सिभिल कार्य निर्माण ठेकेदार फेवा कन्सट्रक्सन, हाइड्रोमेकानिकल कार्य निर्माण ठेकेदार माछापुच्छ्रे मेटल एण्ड मेसिनरी वर्कस प्रा.लि र ईलेक्ट्रोमेकानिकलको लागि एशिया प्यासिफिक पावर टेक कम्पनी लि,चाइना रहेको र ट्रान्समिसन लाईनको ठेक्का ईको इन्फ्रा विल्डर्स प्रा.लि. ले मिति २०७८/०३/११ मा प्राप्त गरि प्रशारण लाइन निर्माण कार्य जारी रहेको छ। आयोजनाको इन्जिनियरिङ्ग डिजाइन तथा अन्य परामर्शका लागि सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. लाई चयन गरिएको छ। यस आयोजना मिति २०७५ जेष्ठ ०८ गते देखि निरन्तर रुपमा निर्माण भइरहेको छ। यस आयोजनाबाट उत्पादन हुने विद्युतिय उर्जालाई १९ कि.मि., १३२ के.भी. को डबल सर्किट विद्युत प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको कास्की स्थित लेखनाथ सब-स्टेसनमा पुऱ्याई राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिने योजना रहेको छ। यस आयोजनाको कुल अनुमानित लागत रु.८,३५,००,००,०००/- रहेको छ भने यस आयोजनाले मिति २०७८ जेष्ठ २८ देखि ब्यवसायिक उत्पादन सुरु गर्ने पूर्व निर्धारित योजना रहेता पनि विश्वब्यापी रुपमा फैलिएको कोभिड १९ को महामारी तथा बाढि पहिरोको कारण काबु बाहिरको उत्पन्न परिस्थितिले गर्दा उक्त व्यापारिक उत्पादन मिति २०७९ भाद्र १ गतेदेखि गर्ने गरी म्याद थप गर्न श्री नेपाल विद्युत प्राधिकरण समक्ष निबेदन पेश गरिएकोमा पूनः मिति २०७९/०८/०१ गते सम्मको लागि म्याद थप गर्न सुपर मादी जलविद्युत आयोजना (४४ मे.वा.) को समन्वय समितिको बैठकबाट सिफारीस भई स्विकृतिको प्रकृया अगाडी बढाईएको छ। हालसम्म यस आयोजनाको सिभिल कार्य तर्फ करिब ९५%, हाइड्रोमेकानिकल कार्यतर्फ करिब ८७%, ईलेक्ट्रोमेकानिकल कार्य तर्फ करिब ९०% र प्रशारण लाइन तर्फ करिब ९०% प्रतिशत गरी जम्मा ९४% प्रतिशत कार्य सम्पन्न भइसकेको छ।

(३) यस कम्पनीमा हाल २८६ जना संस्थापक शेयरधनीहरु रहेका छन्। कम्पनीले जारी पूँजीको ८५% शेयर संस्थापक शेयरधनीहरुका लागि, बाँकि रहेको १५% मध्ये ५% शेयर आयोजना प्रभावित क्षेत्रका स्थायी बासिन्दाहरुका लागि तथा १०% शेयर सर्वसाधारणहरुको (संस्थामा कार्यरत कर्मचारीहरुलाई २%, बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई सार्वजनिक निष्काशनको १०% तथा सामुहिक लगानी कोषलाई ५% सुरक्षित गरिएको समेत) लागि छुट्याई बाँडफाँड गर्ने व्यवस्था गरेको छ।

(४) यस कम्पनीले आयोजनाको सर्भेक्षण अनुमति पत्र मिति २०६२/०८/१० मा प्राप्त गरेको थियो। मिति २०६८/०१/०८ मा आयोजनाको अध्यावधिक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन (EIA) स्वीकृत भएकोमा मिति २०७७/१२/११ मा परिमार्जित बातावरणीय व्यवस्थापन योजना (EMP) स्वीकृत भएको छ। आयोजनाको विद्युत उत्पादन अनुमति पत्र मिति २०७३/१२/१७ मा नेपाल सरकार ऊर्जा मन्त्रालय विद्युत विकास विभागबाट प्राप्त भएको तथा उक्त अनुमतिपत्र मिति २१०८/१२/१६ सम्म वहाल रहने छ।

(५) प्रस्तावित सुपर मादी जल विद्युत आयोजना रन अफ द रिभर (खोलामा बगेको पानी लाई रिजरभ्वायरमा संकलन नगरी सिधै बिजुली निकाल्ने) प्रणालीमा आधारित आयोजना हो। यस आयोजनाको अनुमानित जडान क्षमता ४४ मेगावाट रहेको छ र यसबाट वार्षिक २५३ गिगावाट आवर उर्जा उत्पादित हुनेछ। प्रस्तावित आयोजना मादि गाउँपालिका तत्कालिन नामार्जुन तथा पार्चे गा.वि.स.मा अवस्थित रहेको छ। आयोजनाको बाँधस्थल तत्कालिन पार्चे गा.वि.स.को वडा नं. ८ र नामार्जुन गा.वि.स.को वडा नं. १ मा अवस्थित छ भने पावर हाउस नामार्जुन गा.वि.स.को वडा नं. ५ मा अवस्थित छ। बाँध स्थलबाट पानी लाई करिब ५९०५ मिटर लामो र ४.४ मिटर चौडा सुरुङ्ग मार्फत पावर हाउसमा ल्याई विद्युत उत्पादन गरिने छ।

(६) **आयोजनाको प्रमुख विशेषताहरु निम्नानुसार रहेको छः**

| स्रोत नदीको नाम | मादी |
|---|---|
| प्रयोग गरिने जलस्रोतको परिमाण | डिजाइन डिस्चार्ज (Design Discharge) १८ घनमीटर प्रति सेकेण्ड, ग्रस हेड ३०५ मी. |
| जडित क्षमत | ४४ मे.वा |
| सरदर बार्षिक उत्पादन | २४२.६५ गिगावाट |

| | |
|---|---|
| जलाधार क्षेत्र | १२८८ वर्ग कि.मि. |
| औषत जल प्रबाह | ३०.२९२ घनमिटर प्रति सेकेण्ड |
| बाँधको लम्बाई तथा उचाइ | ६० मि. तथा ५ मि. |
| मुहान प्रकार | साईड मुहान ४ वटा ढोका भएका |
| विद्युत गृह | अर्ध सतही |
| टर्वाइन प्रकार, संख्या | vertical Fransis Turbine, ३ वटा |
| आयोजनाको किसिम | रन अफ दि रिभर |
| प्रशारण लाइन | १३२ के.भि., डवल सर्किट |
| जम्मा प्रक्षेपित लागत | रु.८,३५,००,००,०००/- (निर्माण अवधिको ब्याज सहित) |
| अपेक्षित प्रतिफल (FIRR) | १८.११% |
| अपेक्षित व्यावसायिक उत्पादन शुरु मिति | २०७९-०८-०१ (प्रस्तावित) |
| आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज सहित | रु १८,९७,७२,७२७/- |
| विद्युत उत्पादन अनुमति प्राप्त मिति | २०७३/१२/१७ |
| विद्युत उत्पादन अनुमति वहाल रहने मिति | २१०८/१२/१६ |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Project) | ६.२८ वर्ष |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Project) | ११.१० वर्ष |
| Net Present Value (NPV) (Project) | रु.२,९८,२०,२७,३२८/- |
| Internal Rate of Reture (IRR) (Project) | १४.९७% |

NPV तथा IRR गणना गर्दा नगद प्रवाह विधि (Cash Flow Basis) अनुसार गरिएको र IRR गणना गर्ने सम्बन्धमा आयोजनाको नगद प्रवाहलाई १०.५०% को दरले Discount गरिएको छ।

**वित्तीय विश्लेषणको तालिका**

| वर्ष | लागत | लाभ | लागत/लाभ | संचित लागत/लाभ | डिस्काउन्टेड बट्टादर | बर्तमानमुल्य | संचित बर्तमान मुल्य |
|---|---|---|---|---|---|---|---|
| ० | ६,३५९,१८५,०१२ | | (६,३५९,१८५,०१२) | (६,३५९,१८५,०१२) | १.०० | (६,३५९,१८५,०१२) | (६,३५९,१८५,०१२) |
| १ | १,९९०,८१४,९८८ | ८९४,२९१,४२१ | (१,०९६,५२३,५६७) | (७,४५५,७०८,५७९) | ०.९० | (९९२,३२९,०२०) | (७,३५१,५१४,०३२) |
| २ | – | १,८१२,५४५,९६५ | १,८१२,५४५,९६५ | (५,६४३,१६२,६१४) | ०.८२ | १,४८४,४४६,२३६ | (५,८६७,०६७,७९६) |
| ३ | – | १,००६,६१९,६५५ | १,००६,६१९,६५५ | (४,६३६,५४२,९५९) | ०.७४ | ७४६,०६८,२७३ | (५,१२०,९९९,५२३) |
| ४ | – | १,१३८,१११,०८९ | १,१३८,१११,०८९ | (३,४९८,४३१,८७०) | ०.६७ | ७६३,३७०,७९९ | (४,३५७,६२८,७२४) |
| ५ | – | १,१६३,०६२,७५५ | १,१६३,०६२,७५५ | (२,३३५,३६९,११५) | ०.६१ | ७०५,९७८,९६० | (३,६५१,६४९,७६४) |
| ६ | – | १,१९२,५३४,६९४ | १,१९२,५३४,६९४ | (१,१४२,८३४,४२१) | ०.५५ | ६५५,०८४,५४६ | (२,९९६,५६५,२१७) |
| ७ | – | १,२२३,९७९,८८२ | १,२२३,९७९,८८२ | ८१,१४५,४६० | ०.५० | ६०८,४६८,८२७ | (२,३८८,०९६,३९१) |
| ८ | – | १,२५५,२७०,०६३ | १,२५५,२७०,०६३ | १,३३६,४१५,५२३ | ०.४५ | ५६४,७२७,५१४ | (१,८२३,३६८,८७७) |
| ९ | – | १,२८०,२३४,७०१ | १,२८०,२३४,७०१ | २,६१६,६५०,२२५ | ०.४१ | ५२१,२२९,६२६ | (१,३०२,१३९,२५१) |
| १० | – | १,२८०,७६८,८५३ | १,२८०,७६८,८५३ | ३,८९७,४१९,०७७ | ०.३७ | ४७१,८९७,८२७ | (८३०,२४१,४२४) |
| ११ | – | १,२८४,३६७,२२६ | १,२८४,३६७,२२६ | ५,१८१,७८६,३०३ | ०.३३ | ४२८,२५६,६९१ | (४०१,९८४,७३३) |
| १२ | – | १,१८२,४६१,६९३ | १,१८२,४६१,६९३ | ६,३६४,२४७,९९६ | ०.३० | ३५६,८१२,२४० | (४५,१७२,४९३) |
| १३ | – | १,१७८,३१२,९१४ | १,१७८,३१२,९१४ | ७,५४२,५६०,९१० | ०.२७ | ३२१,७७४,०५५ | २७६,६०१,५६१ |
| १४ | – | १,१७६,४२०,८०४ | १,१७६,४२०,८०४ | ८,७१८,९८१,७१३ | ०.२५ | २९०,७३०,६३९ | ५६७,३३२,२०१ |
| १५ | – | १,१७४,४९८,८०३ | १,१७४,४९८,८०३ | ९,८९३,४८०,५१७ | ०.२२ | २६२,६७४,७९९ | ८३०,००७,००० |
| १६ | – | १,१७२,५४३,१२९ | १,१७२,५४३,१२९ | ११,०६६,०२३,६४५ | ०.२० | २३७,३१८,९२८ | १,०६७,३२५,९२७ |
| १७ | – | १,०७१,५४०,९७८ | १,०७१,५४०,९७८ | १२,१३७,५६४,६२३ | ०.१८ | १९६,२६८,२५३ | १,२६३,५९४,१८१ |
| १८ | – | १,०६९,७१५,९३४ | १,०६९,७१५,९३४ | १३,२०७,२८०,५५८ | ०.१७ | १७७,३१५,८१० | १,४४०,९०९,९९१ |
| १९ | – | १,०६७,८५३,९८४ | १,०६७,८५३,९८४ | १४,२७५,१३४,५४२ | ०.१५ | १६०,१८७,४८८ | १,६०१,०९७,४७९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | – | १,०६५,९५२,०८३ | १,०६५,९५२,०८३ | १५,३४१,०८६,६२५ | ०.१४ | १४४,७०७,८६० | १,७४५,८०५,३३९ |
| २१ | – | १,०६४,००७,३१७ | १,०६४,००७,३१७ | १६,४०५,०९३,९४२ | ०.१२ | १३०,७१८,४१६ | १,८७६,५२३,७५५ |
| २२ | – | १,०६२,०१६,८८४ | १,०६२,०१६,८८४ | १७,४६७,११०,८२५ | ०.११ | ११८,०७५,९११ | १,९९४,५९९,६६६ |
| २३ | – | १,०५९,९७८,०६६ | १,०५९,९७८,०६६ | १८,५२७,०८८,८९१ | ०.१० | १०६,६५०,८९० | २,१०१,२५०,५५६ |
| २४ | – | १,०५७,८८८,२१५ | १,०५७,८८८,२१५ | १९,५८४,९७७,१०७ | ०.०९ | ९६,३२६,३५१ | २,१९७,५७६,९०६ |
| २५ | – | १,०५५,७४४,७३७ | १,०५५,७४४,७३७ | २०,६४०,७२१,८४४ | ०.०८ | ८६,९९६,५३९ | २,२८४,५७३,४४५ |
| २६ | – | १,०५३,५४५,०७४ | १,०५३,५४५,०७४ | २१,६९४,२६६,९१८ | ०.०७ | ७८,५६५,८६४ | २,३६३,१३९,३०९ |
| २७ | – | १,०५१,२८६,६९६ | १,०५१,२८६,६९६ | २२,७४५,५५३,६१४ | ०.०७ | ७०,९४७,९१९ | २,४३४,०८७,२२८ |
| २८ | – | १,०४८,९६७,०८८ | १,०४८,९६७,०८८ | २३,७९४,५२०,७०३ | ०.०६ | ६४,०६४,५९४ | २,४९८,१५१,८२२ |
| २९ | – | १,०४६,५८३,७४० | १,०४६,५८३,७४० | २४,८४१,१०४,४४३ | ०.०६ | ५७,८४५,२७९ | २,५५५,९९७,१०१ |
| ३० | – | १,०४४,१३४,१३८ | १,०४४,१३४,१३८ | २५,८८५,२३८,५८१ | ०.०५ | ५२,२२६,१४३ | २,६०८,२२३,२४५ |

**संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्रि सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।**

(१) कम्पनीबाट निर्माणाधिन आयोजनाबाट उत्पादन हुने विद्युत खरिद बिक्रिका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७३/१०/२७ मा सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट विद्युत शक्ति उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैंया चालिस पैसा) विद्युत खरिद दरले हुन आउने रकम कम्पनीलाई वा सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागू हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम भएको छ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खा याम (पौषदेखि चैत्र सम्म रु. प्रति युनिट) | वर्षा याम (बैशाखदेखि मार्ग सम्म रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औ महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औ महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औ महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औ महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औ महिना देखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औ महिना देखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५ औ महिना देखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिनादेखि सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिइनेछ :

क) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

ख) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

ग) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

घ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

ङ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

(२) प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सो को हकमा विद्युत खरिद बिक्रि सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५० प्रतिशतका हिसाबले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

(३) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ।

(४) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड

प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ। यसरी विद्युत लिए बापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ।

**हर्जाना सम्बन्धी विवरण**

(१) प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरिद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनुपर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।

(२) कन्ट्रयाक्ट इनर्जीको वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशतभन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ।

क्षतिपूर्ति रकम रु. = (0.8 x सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति गर्नुपर्ने बढीमा कन्ट्रयाक्ट इनर्जीसम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा) x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर।

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ। क्षतिपूर्ति रकम विल रकमभन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन।

यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ।

(३) प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्रधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मितिदेखि लागु हुनेछ।

(४) काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मितिसम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई र कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न नगरेमा कम्पनीले प्राधिकरणलाई निम्न अनुसार हर्जाना तिर्नु पर्नेछ।

हर्जाना रकम रु. ०.०५ x कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा x व्यापारिक उत्पादन शुरु हुने मितिमा लागू हुने खरिद दर।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।**

(१) **यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :**

(क) सुपर मादी जलविद्युत आयोजना निर्माण गरी सो आयोजनाबाट जलविद्युत उत्पादन गरी बिक्रि वितरण गर्ने।

(ख) जलविद्युत आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने र त्यसका लागि आवश्यकता अनुसार कम्पनीहरुको प्रबर्द्धन गर्ने वा त्यस्ता कम्पनीहरुमा लगानी गर्ने।

(ग) कम्पनीले निर्माण र संचालन गर्ने मझौला तथा साना जलविद्युत आयोजनाहरुको अध्ययन, डिजाइन, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने।

(घ) जलविद्युत आयोजनाहरुको निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने, गराउने र उत्पादित विद्युत ब्यक्ति वा संस्थालाई एकमुष्ठ बिक्रि गर्ने वा सम्झौता गरी सम्झौता अनुसार विक्रि गर्ने।

(ङ) विद्युत आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापनमा सहयोग हुने अन्य कामहरु गर्ने, गराउने।

**आयोजनाको विभिन्न कार्यहरुको कार्य प्रगति विवरण निम्नानुसार रहेको छ :**

**सुपर मादी जलविद्युत आयोजनाको कार्तिक मसान्त २०७९ सम्म भएको भौतिक कार्य प्रगति विवरण**

| क्र.सं. | विवरण | कार्य प्रगति % | कैफियत |
|---|---|---|---|
| १ | **आधारभुत निर्माण कार्य** | | |
| | प्रवेश मार्ग निर्माण | १०० | |
| | कम्पनी तथा ठेकेदारको आधारभूत सिभिल संरचना निर्माण | १०० | |
| २. | **सिभिल निर्माण कार्य** | | |
| | बाँध, डिसेन्डर तथा गेट संरचनाहरु | ९७ | |
| | विद्युत गृह संरक्षण कार्य | ९९ | |
| | हेडरेस टनेल निर्माण | ९५ | |
| | सर्ज टैंक निर्माण | १०० | |
| | पेनस्टक पाइपको लागि सिभिल निर्माण कार्य | ९५ | |
| | स्विचयार्ड तर्फको कार्य | ९० | |
| | हेडवर्क्सको निर्माण | ९५ | |

| | | | |
|---|---|---|---|
| ३. | **हाइड्रो मेकानिकल कार्य** | | |
| | पेनस्टक पाइपको उपलब्धि तथा डेलिभरी तथा जडान | ९० | |
| | बाँधमा जडान गरिने गेटको उपलब्धि डेलिभरी तथा जडान | ८० | |
| | पेनस्टक पाइप जडान | ९० | |
| | गेट जडान | ६० | |
| | वाइफर्केशन तथा ज्वाइन्ट जडान | १०० | |
| | फेब्रिकेशन, इन्सटलेशन र इरेक्शनको कार्य | ८७ | |
| ४ | **इलेक्ट्रोमेकानिकल कार्य** | | |
| | मेशिन तथा उपकरण उपलब्धि तथा डेलिभरी | १०० | |
| | विद्युत गृह-उपकरण जडान | ९० | |

**समग्रमा आयोजनाको कार्य प्रगतिः आयोजनाको भौतिक कार्य प्रगति करिब ९४% रहेको छ।**

(च) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको।

(छ) **देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म)** :

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : जलविद्युत।

(२) **प्रयोग भएको वा गरिने प्रविधि** : कास्की जिल्लाको मादी गाउँपालिका भएर बहने मादी नदिको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, सेटलिङ बेसिन, पेनस्टक पाइप, विद्युत गृह आदि संरचना रहेका छन्। आयोजनाबाट ४४ मे.वा. विद्युत उत्पादन गर्न विद्युतगृहमा १५,२८० किलोवाट क्षमताका भर्टिकल फ्रान्सिस टर्वाइन ३ वटा प्रयोग गरिनेछ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र** : नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्रि सम्झौता भई विद्युत बिक्रि गरिने भएको हुँदा यस कम्पनीले अलग्गै बजारको खोजी गर्नु पर्ने अवस्था नरहेको।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना** : कम्पनीको उद्देश्यमा उल्लेखित आयोजनाको निर्माण तथा संचालनका अतिरिक्त अन्य जलविद्युत आयोजनामा लगानी गर्न सक्ने रहेको हुँदा उपयुक्त लगानीको अवसर प्राप्त भएमा कम्पनीले नयाँ विद्युत आयोजनामा आफ्नो लगानी विस्तार गर्न सक्नेछ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्रि वितरणको तरिका** : कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद-बिक्रि सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरिनेछ।

(७) **उत्पादन⁄सञ्चालन क्षमता र सो को उपभोग स्थिति** : कम्पनीबाट निर्माणाधिन सुपर मादी जलविद्युत आयोजनाको उत्पादन क्षमता ४४ मेगावाट रहेको र उत्पादन हुने सवै विद्युत नेपाल विद्युत प्राधिकरणलाई विक्रि गरिने छ। आयोजनाको व्यापारिक उत्पादन शुरु गर्नुपर्ने (Required Commercial Operation Date) मिति २०७८/०२/२८ रहेता पनि विश्वब्यापि रुपमा फैलिएको कोभिड १९ को महामारी तथा बाढि पहिरो जस्ता कावु बाहिरको परिस्थितिले यस मितिमा आयोजना निर्माण सम्पन्न नभएकोले कम्पनीले आयोजनाको व्यापारिक उत्पादन शुरु गर्ने मिति Commercial Operation Date २०७९ भाद्र १ गते देखि गर्ने गरी म्याद थप गर्न श्री नेपाल विद्युत प्राधिकरण समक्ष निबेदन पेश गरिएकोमा पुन मिति २०७९/०८/०१ गते सम्मको लागि म्याद थप गर्न सुपर मादी जलविद्युत आयोजना (४४ मे.वा.) को समन्वय समितिको बैठकबाट सिफारीस भई स्विकृतिको प्रकृया अगाडी बढाईएको छ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धताः** कास्की जिल्लाको मादी गाउँपालिका (तत्कालिन नामार्जुन तथा पार्चे गा.वि.स.) को सिमा भएर बहने मादी नदीको पानी।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** : आयोजनाको निर्माण अवधिमा गर्नुपर्ने गुण नियन्त्रणका लागि स्वदेशी परामर्शदाता सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. लाई नियुक्त गरी उक्त कम्पनी मार्फत सम्पूर्ण निर्माण कार्यको अनुगमन तथा नियन्त्रण भइरहेको छ।

(१०) **अनुसन्धान तथा विकास** : कम्पनीको स्थापना भए पश्चात् आफ्नो उद्देश्य अनुसार ४४ मेगावाट क्षमताको सुपर मादी जलविद्युत आयोजनाको अध्ययन/अनुसन्धान पुरा गरी हाल सो आयोजनाको विकास/निर्माण भईरहेको छ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधानः** COVID-19 को प्रभाव तथा बाढि पहिरो जस्ता कावु बाहिरको परिस्थितिले आयोजना निर्धारित समयमा सम्पन्न हुन ढिलाई भई आयोजना सञ्चालन गर्न थप समय लाग्ने।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : सो नभएको।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** : आयोजनाबाट उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने भएको हुँदा बजारको सुनिश्चितता गरिएको र सो क्रममा अन्य उद्योगसँग प्रतिस्पर्धा गर्नु पर्ने अवस्था नरहेको।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तैः–संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरणः** नेपाल विद्युत प्राधिकरण एकल ग्राहकको रुपमा रहेको।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तैः–संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** :

**आयोजना निर्माण सम्पन्न गर्नका मुख्य ठेकेदारहरु निम्न अनुसार रहेका छन्:**

क) आयोजनाको परामर्श कार्यका लागि परामर्शदाता सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. सँग मिति २०७३/०६/०५ मा सम्झौता भई कार्य सम्पादन गर्दै आईरहेको ।

ख) आयोजनाको सिभिल कार्यका लागि ठेकेदार कम्पनी फेवा कन्स्ट्रक्सनसँग मिति २०७५/११/०८ मा, हाइड्रोमेकानिकल कार्यका लागि ठेकेदार कम्पनी माच्छापुच्छ्रे मेटल एण्ड मेसिनरि वर्क्स प्रा.लि. सँग मिति २०७५/११/०८ मा र इलेक्ट्रोमेकानिकल कार्यका लागि ठेकेदार कम्पनी एसिया प्यासिफिक पावर टेक कम्पनी लिमिटेडसँग मिति २०७५/०४/२२ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको ।

ग) आयोजनाको प्रशारण लाइन निर्माण कार्यका लागि ठेकेदार कम्पनी इको इन्फ्रा बिल्डर्स प्रा.लि. सँग मिति २०७८/०३/११ मा ठेक्का सम्झौता भई कार्य सम्पादन गर्दै आईरहेको ।

## ग.३.ख. सम्पत्तिको विवरण :

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

हाल कम्पनी अन्तर्गतको सुपर मादी जलविद्युत आयोजनाको निर्माण कार्य भईरहेको छ । हालसम्म कम्पनीको नाममा सृजना भईसकेको चल अचल सम्पत्ति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

(२०७९ आषाढ मसान्तको अपरिष्कृत वित्तीय विवरण अनुसार)

| सि.नं. | सम्पत्तिको विवरण | परल मुल्य रु. | ह्रास कट्टी | खुद सम्पत्ति रकम रु. | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|---|---|
| (क) | **कम्पनीतर्फ** | | | | | |
| | कार्यालय उपकरणहरु | २५,९७,२०९/– | १८,७२,१०१/– | ७२५,१०८/– | | |
| | किचन उपकरण | १९,९००/– | १५,५७१/– | ४,३२९/– | केन्द्रिय कार्यालय तथा आयोजनास्थल | |
| | फर्निचर एण्ड फिक्सचर्स | ६५,८७,३०८/– | ७,७६,८१५/– | ५८,१०,४९३/– | | केन्द्रिय कार्यालय तथा आयोजनामा संचालनमा आईरहेको । |
| | सवारी साधन | ५,१०,६५,८४०/– | २,१५,३५,८७३/– | २,९५,२९,९६७/– | | |
| | सफ्टवयर | | | | | |
| | **जम्मा (क)** | **६,०३,०४,१५७/–** | **२,४२,३४,२६०/–** | **३६,०६९,८९७/–** | | |
| **(ख)** | **आयोजनातर्फ** | | | | | |
| | बिकास क्रममा रहेका अमुर्त सम्पत्ति | ६,३५,९१,८५,०११/– | – | ६,३५,९१,८५,०११/– | आयोजनास्थल | |
| | **जम्मा (ख)** | **६,३५,९१,८५,०११/–** | – | **६,३५,९१,८५,०११/–** | | |
| **जम्मा (क) + (ख)** | | **६,४१९,४८९,१६८/–** | **२,४२,३४,२६०/–** | **६,३९,५२,५४,९०७/–** | | |

(ख) बूँदा (१) **मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :**

आयोजनाको भौतिक संरचनाहरु निर्माण गर्ने प्रयोजनका लागि कम्पनीले कास्की जिल्लाको अन्नपुर्ण संरक्षण क्षेत्र भित्र रहेको राष्ट्रिय वन क्षेत्रको कुल जम्मा ६.९५ हेक्टर जग्गा ३० वर्षसम्म प्रयोग गर्न दिने र तहाँ रहेका ८४ वटा रुखबिरुवाहरु समेत हटाउन स्वीकृति दिने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/११/२८ को निर्णय बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग र सुपर मादी हाइड्रोपावर लिमिटेड बिच मिति २०७७/०५/३० गते सम्झौता भएको छ ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**

सानिमा बैंक लिमिटेडको अगुवाई तथा एनसिसि बैंक लिमिटेड, सनराईज बैंक लिमिटेड, कुमारी बैंक लिमिटेड, कृषि विकास बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक लिमिटेड र प्रभु बैंक लिमिटेडको सहभागितामा मिति २०७५/०४/३१ मा भएको सहवित्तीयकरण ऋण सम्झौता बमोजिम उक्त बैंकहरुले सुपर मादी जलविद्युत आयोजना (४४ मे.वा.) निर्माणको लागि रु. ५,६०,२५,००,०००/- (अक्षरेपी पाँच अर्ब साठि करोड पच्चिस लाख रुपैयाँ मात्र) कर्जा लगानी भएकोमा हाल मिति २०७७/१२/२६ गते रु.६४,७५,००,०००/- कर्जा थप भइ कुल ६,२५,००,००००० (अक्षरेपी छ अर्ब पच्चिस करोड रुपैंया मात्र) कर्जा लगानी गर्ने र उक्त कर्जा र सो को ब्याज तथा अन्य दस्तुर समेत खाम्ने गरी सुरक्षण बापत कम्पनीको नाममा कास्की जिल्लामा रहेको आयोजनाका लागि खरिद गरिएका जग्गा तथा उक्त जग्गामा रहेका सम्पूर्ण संरचनाहरु समेत सहवित्तीयकरण सदस्य बैंकहरुको नाममा दृष्टिबन्धकको लिखत रजिष्ट्रेशन पारित भएको छ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरणः**

लागू नहुने ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरणः** लागू नहुने ।

## ग.३.ग. भावी योजना तथा रणनीतिः

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

(१) कम्पनीको उद्देश्य सुपर मादी जलविद्युत आयोजना निर्माण गरी संचालन गर्ने रहेको र कम्पनीको भावी योजना सुपर मादी जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरेर यस आयोजनालाई सुचारु रुपमा संचालन गर्ने र आयोजना निर्माणको क्रममा लिएका ऋण सुविधाहरु भुक्तानी गर्ने रहेको छ। साथै, आफ्नो पूँजी तथा दायित्व समेतलाई बिचार गरी आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका अन्य जलविद्युत आयोजनाहरुमा लगानी गर्न सक्नेछ। यस कार्यका लागि सम्भाव्य आयोजनाहरुको पहिचान गर्ने, त्यस्ता आयोजना कम्पनीहरुको अध्ययन गर्ने र त्यसमा लगानी गर्न उपयुक्त भए नभएको निर्क्योल गर्ने र लगानी गर्न उपयुक्त लागेका आयोजनामा लगानी गर्ने रणनीति अख्तियार गरिने छ। त्यसरी लगानी सम्बन्धी निर्णय गर्दा लगानीको समुचित प्रतिफल प्राप्त गर्ने तर्फ विशेष ध्यान दिने रणनीति अख्तियार गरिनेछ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्यः**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको र कुल राष्ट्रिय उर्जा खपतको करीब ३% मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ। देशमा माग बमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसंग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके विद्युतको आन्तरिक खपत तथा छिमेकी राष्ट्रमा विद्युतको व्यापारको सम्भावना रहेको हुँदा नयाँ विद्युत आयोजनाहरुमा लगानी विस्तार गर्नका लागि कम्पनीको भविष्य राम्रो रहेको छ। त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेको छ। यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन। नेपालमा जलविद्युत आयोजनामा लगानीको राम्रो सम्भावना रहेको छ।

## ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ९ (नौ) जना सञ्चालक रहेको सञ्चालक समिति हुनेछ। जस मध्ये ७ जना संस्थापक शेयरधनीहरुबाट र २ जना सर्वसाधारणमा शेयर निष्काशन भएपछि आएका शेयरधनीहरुबाट चयन गरिनेछ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | ७ जना |
| सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | २ जना |
| **जम्मा** | **९ जना** |

नोटः हाल यस कम्पनीमा संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने ५ (पाँच) जना रहेको सञ्चालक समिति मात्र रहेको छ। कम्पनी ऐनमा भएको व्यवस्था बमोजिमको स्वतन्त्र सञ्चालक सम्बन्धी व्यवस्था आगामी बार्षिक साधारण सभाबाट गरिनेछ। साथै सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ भन्ने व्यवस्था आगामी बार्षिक साधारण सभाबाट कम्पनीको नियमावलीमा संशोधन गरिनेछ।

सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ। तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागू हुने छैन।

## ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :**

**अधिकृत पूँजी :**

कम्पनीको अधिकृत पूँजी रु.२,१०,००,००,०००/- (अक्षरेपी दुई अर्ब दश करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/-का दरले २,१०,००,००० (दुई करोड दश लाख) थान शेयरमा विभाजन गरिएको छ।

**जारी पुँजीः**

कम्पनीको जारी पूँजी रु. २,१०,००,००,०००/- (अक्षरेपी दुई अर्ब दश करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २,१०,००,००० (दुई करोड दश लाख) थान शेयरमा विभाजन गरिएको छ।

**चुक्ता पूँजी :**

कम्पनीको तत्काल चुक्ता पूँजी रु.१,७८,५०,००,०००/- (अक्षरेपी एक अर्व अठहत्तर करोड पचास लाख मात्र) रहेको छ। कम्पनीको आयोजनास्थल कास्की जिल्लाको मादी गाउँपालिका तथा पोखरा म.न.पा. वडा नं. २६, २७ तथा २८ का स्थानीय बासिन्दा तथा आम सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याएको १५% अर्थात रु.३१,५०,००,०००/– (अक्षरेपी एकतीस करोड पचास लाख मात्र) रकम बराबर प्रति शेयर रु. १००/- अंकित मुल्यको ३१,५०,००० (एकतीस लाख पचास हजार) कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको ५% अर्थात रु. १०,५०,००,०००/– (अक्षरेपी दश करोड पचास लाख रुपैंया मात्र) रकम बराबरको रु.१००/- अंकित दरको १०,५०,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाको लागि तथा जारी पूँजीको १०% अर्थात रु.२१,००,००,०००/– (अक्षरेपी एक्काईस करोड रुपैया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको २१,००,००० कित्ता मध्ये वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि १०% अर्थात २,१०,००० कित्ता, सामूहिक लगानी कोषहरुलाई ५% अर्थात १,०५,००० कित्ता तथा संस्थामा कार्यरत कर्मचारीहरुलाई २% अर्थात ४२,००० कित्ता सुरक्षित गरि बाँकी १७,४३,००० कित्ता शेयर सर्वसाधारणहरुमा निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,१०,००,००,०००/- (अक्षरेपी दुई अर्ब दश करोड मात्र) हुनेछ।

कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ।

| क्र.सं | आर्थिक बर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०७४/७५ | १,९०,००,००,०००/- | १,९०,००,००,०००/- | - | २०७४/०५/०२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम। |
| २. | ०७८/७९ | २,१०,००,००,०००/- | २,१०,००,००,०००/- | १,७८,५०,००,०००/- | २०७८/०७/११ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम। |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार यस निष्काशन पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं. | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम(रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी समुह | १,७८,५०,००० | १,७८,५०,००,०००/- | ८५% | शतप्रतिशत |
| २. | सर्वसाधारण शेयरधनी समुह | ३१,५०,००० | ३१,५०,००,०००/- | १५% | निष्काशन पश्चात् |
| | *१. आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु* | *१०,५०,०००* | *१०,५०,००,०००/-* | *५ %* | *निष्काशन पश्चात्* |
| | *२. सर्वसाधारणहरु (जस मध्ये वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि १०%, सामुहिक लगानी कोषलाई ५% तथा कम्पनीमा कार्यरत कर्मचारीहरुलाई २% समेत)* | *२१,००,०००* | *२१,००,००,०००/-* | *१०%* | |
| | जम्मा | २,१०,००,००० | २,१०,००,००,०००/- | १००% | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :**

शेयर प्रिमियम खाताको व्यवस्था हाल नरहेको।

## ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :

### ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| क्र.सं | नाम | ठेगाना | शेयर स्वामित्व (कित्ता) | राष्ट्रियता | उमेर | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार र व्यवसायको अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुष्प ज्योती ढुङ्गाना | पोखरा महानगरपालिका - २६, कास्की | ४२,५८,००० | नेपाली | ४८ | स्नातकोत्तर | २० बर्ष भन्दा बढि हाईड्रोपावर क्षेत्र तथा अन्य व्यवसायमा कार्य अनुभब | सुपरमादी हाईड्रो पावर लि.मा अध्यक्ष |
| २ | रघु नाथ पुरी | का.म.न.पा - ०४ काठमाण्डौ। | ११,०१,३५० | नेपाली | ४६ | स्नातक | १० बर्ष भन्दा बढि हाईड्रोपावर क्षेत्र, मेनपावर, होटल तथा व्यवसायमा कार्यअनुभब। | सुपरमादी हाईड्रो पावर लि.मा संचालक |
| ३ | धन राज आचार्य | पोखरा महानगरपालिका - ३३ कास्की | ५,२६,४०० | नेपाली | ५३ | स्नातकोत्तर | १० बर्ष हाईड्रोपावर क्षेत्र तथा अन्य व्यवसाय। | सुपरमादी हाईड्रो पावर लि.मा संचालक |
| ४ | बाबुराम थापा | फेदाप गा.पा - ०५ तेह्रथुम | २,५२,००० | नेपाली | ४४ | स्नातकोत्तर | प्रबन्ध निर्देशकः समुन्नती इन्भेष्टमेन्ट लि १० वर्षको अनुभव, हाईड्रो तथा अन्य क्षेत्रको कार्यअनुभब। | सुपरमादी हाईड्रो पावर लि.मा संचालक |
| ५ | मित्र प्रसाद काफ्ले | फिदिम नगरपालिका - ०१ पाँचथर | ९००,००० | नेपाली | ५८ | प्रविणता प्रमाणपत्र तह | हार्डवयर व्यवसाय पुर्ब अध्यक्ष, पाँचथर उद्योग बाणिज्य संघ। | सुपरमादी हाईड्रो पावर लि.मा संचालक |
| ६ | बिष्णु राज कोइराला | पोखरा - ६, कास्की। | ८,००,००० | नेपाली | ५० | एम एस सि इन्जिनियर | कन्ट्रक्शन क्षेत्रमा १० बर्षको अनुभव | प्रोप्राइटर फेवा कन्ट्रक्शन |
| ७ | विष्णु प्रसाद पाण्डे | पोखरा म.न.पा, ६, कास्की | २,५०,००० | नेपाली | ६६ | स्नातक | हाईड्रो मेकानिकल सम्वन्धि ब्यावसाय | माछापुच्छ्रे मेटल एण्ड मेशिनरी वर्क्स प्रा.लि. को संचालक अध्यक्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | कल्पना कुमारी थापा | पोखरा म.न.पा, ५, कास्की | २९०,००० | नेपाली | ५१ | एस.एल.सि. | किराना पसल व्यवसाय | डिपार्टमेण्टल स्टोर सञ्चालक |
| ९ | राजु रेग्मी | टोखा न.पा. ७, काठमाण्डौ | ५००,००० | नेपाली | ४० | स्नातक | कन्ट्रक्शन कम्पनी सम्वन्धि कार्य | कन्ट्रक्शन कम्पनी |
| १० | तान्तीङ्ग इन्भेष्टमेण्ट क.लि. | कास्की , मादी गा.पा. १ | ५७०,००० | नेपाली | | | – | – |
| ११ | समुन्नती इन्भेष्टमेन्ट लि. | का.म.न.पा २९, पुतलिसडक | ३७०,००० | नेपाली | | | – | – |
| १२ | सिक्लेस पार्चे खिलाङ्ग इन्भेष्टमेण्ट कम्पनी लिमिटेड | मादि गा.पा. वडा नं.१ | ४६६००० | नेपाली | | | – | – |

**सञ्चालकहरुको विवरण**

| क्र.सं | नाम तथा ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार र व्यवसायको अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री पुष्पज्योती ढुङ्गाना, पोखरा महानगरपालिका - २६, कास्की | सञ्चालक/ अध्यक्ष | ४८ | नेपाली | ४२,५८,००० | स्नातकोत्तर | २० बर्ष भन्दा बढि हाईड्रोपावर क्षेत्र तथा अन्य व्यवसायमा कार्यअनुभब । | सुपरमादी हाईड्रो पावर लि.मा अध्यक्ष |
| २. | श्री रघुनाथ पुरी, का.म.न.पा - ०४ काठमाण्डौ । | सञ्चालक | ४६ | नेपाली | ११०१३५० | स्नातक | १० बर्ष भन्दा बढि हाईड्रोपावर क्षेत्र, मेनपावर, होटल तथा व्यवसायमा कार्यअनुभब । | सुपरमादी हाईड्रो पावर लि.मा सञ्चालक |
| ३. | श्री मित्र प्रसाद काफ्ले, फिदिम नगरपालीका - ०१ पाँचथर | सञ्चालक | ५८ | नेपाली | ९,००,००० | प्रविणता प्रमाणपत्र तह | ३० वर्ष देखि हार्डवयर तथा अन्य व्यवसाय एवं हाईड्रोपावर सम्वन्धि । | सुपरमादी हाईड्रो पावर लि.मा सञ्चालक |
| ४. | श्री बाबुराम थापा, फेदाप गा.पा - ०५ तेह्रथुम | सञ्चालक | ४४ | नेपाली | २,५२,००० | स्नातकोत्तर | प्रबन्ध निर्देशकः समुन्नती इन्भेष्टमेन्ट लि.। सचिवः युथ फेडरेसन, नेपाल (वि.सं २०६६ देखि २०६९ सम्म) । उप महासचिवः अल नेपाल पिजेन्ट फेडेरेसन (वि.सं २०७७ देखि) । सचिवः एग्रिकल्चर कोअपरेटिभ (वि.सं २०७२ देखि २०७४ सम्म) । अध्यक्षः अभियान माइक्रोफाइनान्स । | सुपरमादी हाईड्रो पावर लि.मा सञ्चालक |
| ५. | श्री धन राज आचार्य पोखरा महानगरपालिका - ३३ कास्की | सञ्चालक | ५३ | नेपाली | ५,२६,४०० | स्नातकोत्तर | १० बर्ष हाईड्रोपावर क्षेत्र, तथा अन्य व्यवसाय । | सुपरमादी हाईड्रो पावर लि.मा सञ्चालक |

(ख) **संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६५/१०/०३ गते पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०६९/०८/१८ गते कारोवार सञ्चालन अनुमति प्राप्त भई सञ्चालन हुँदै आइरहेको छ।

| क्र. सं. | संस्थापकहरुको नाम तथा ठेगाना | संक्षिप्त विवरण | सञ्चालकहरुको नाम तथा ठेगाना | संगठित संस्थामा सञ्चालकहरुले धारण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १. | श्री समुन्नति इन्भेष्टमेण्ट लिमिटेड, का.म.न.पा २९ पुतलिसडक, काठमाण्डौ । | समुन्नति इन्भेष्टमेण्ट लिमिटेड कम्पनी ऐन, २०६३ अनुसार स्थापना भई लगानी सम्बन्धि कार्य गर्ने इन्भेष्टमेण्ट कम्पनी हो । | १. श्री बाबु राम थापा<br>फेदाप न.पा. वडा नं. ५, तेह्रथुम<br>२. श्री गोबरधन खड्का क्षेत्री<br>चाँगुनारायण न.पा. वडा नं.७, भक्तपुर<br>३. श्री धरणी अधिकारी<br>ठुलो सिरुबारी गा.वि.स वडा नं.१<br>सिन्धुपाल्चोक<br>४. श्री भरत राज पोखेल<br>पकुवा गा.वि.स वडा नं. ६, पर्वत<br>५. श्री महेन्द्र श्रेष्ठ<br>काठमाण्डौ म.न.पा. वडा नं. ९ | ३,७०,००० थान |
| २. | श्री तान्तीङ्ग इन्भेष्टमेण्ट कम्पनी लिमिटेड, नामार्जुन ०५, कास्कि । | स्थानियको इन्भेष्टमेण्ट कम्पनी सुपर मादी हाईड्रो पावरमा मात्र लगानी भएको । | १. श्री बेद बहादुर गुरुङ्ग<br>मादी गा.पा. - वडा नं.१, कास्की<br>२. श्री देवी जंग गुरुङ्ग<br>नामार्जुङ- वडा नं. ५, कास्की<br>३. श्री जस बहादुर गुरुङ्ग<br>नामार्जुङ- वडा नं. ५, कास्की<br>४. श्रीमति चन्द्र माया गुरुङ्ग<br>नामार्जुङ- वडा नं. ५, कास्की<br>५. श्री श्रीप्रसाद गुरुङ्ग<br>नामार्जुङ -वडा नं.६, कास्की<br>६. श्री टोक बहादुर गुरुङ्ग<br>पोखरा म.न.पा. वडा नं.१३, कास्की<br>७. श्री राम प्रसाद गुरुङ्ग<br>नामार्जुङ -वडा नं. ९, कास्की | ५,७०,००० थान |
| ३ | श्री तिलिचो इन्भेष्टमेन्ट प्रा.लि. का.म.न.पा.१०, काठमाण्डौ | तिलिचो इन्भेष्टमेन्ट, कम्पनी ऐन, २०६३ अनुसार स्थापना भएको इन्भेष्टमेण्ट कम्पनी हो । | १. श्री बिष्णु राज कोइराला<br>पोखरा म.न.पा. वडा नं. ०६, कास्की<br>२. श्री पुष्प ज्योती ढुङ्गाना<br>पोखरा म.न.पा. वडा नं. २६, कास्की | ५०,००० थान |
| ४ | श्री लिबर्टी होल्डिङ्स प्रा.लि, का.म.न.पा. २८, काठमाण्डौ । | लिबर्टी होल्डिङ्स प्रा.लि कम्पनी ऐन, २०६३ अनुसार मिति २०७८।०५।१० गते स्थापना भई लगानी सम्बन्धि कार्य गर्ने इन्भेष्टमेण्ट कम्पनी हो । | १. श्री राम बहादुर पाण्डे<br>भानु-९, तनहु<br>२. श्री शेर बहादुर बस्नेत<br>कालिका न.पा. वडा नं ९, चितवन | ४५,००० थान |
| ५ | श्री सिकलेस पार्चे खिलाङ इन्भेष्टमेन्ट कम्पनी लिमिटेड, मादि गा.पा. वडा नं.१, कास्की । | सिकलेस पार्चे खिलाङ इनभेष्टमेन्ट कम्पनी लिमिटेड कम्पनी ऐन, २०६३ अनुसार स्थापना भई लगानी सम्बन्धि कार्य गर्ने इन्भेष्टमेण्ट कम्पनी हो । | १. श्री सुरज कुमार गुरुङ्ग<br>मादी गा.पा.वडा नं. १, कास्की<br>२. श्री राम बहादुर गुरुङ्ग<br>मादी गा.पा.वडा नं. १, कास्की<br>३. श्री रुद्र बहादुर गुरुङ्ग<br>मादी गा.पा.वडा नं. १, कास्की<br>४. श्री टंक प्रसाद गुरुङ्ग<br>मादी गा.पा.वडा नं. १, कास्की<br>५. श्री टेकन सिं गुरुङ्ग<br>मादी गा.पा.वडा नं. १, कास्की<br>६. श्री गिता नेपाली गुरुङ्ग<br>मादी गा.पा.वडा नं. १, कास्की<br>७. श्री ओम प्रसाद गुरुङ्ग<br>मादी गा.पा.वडा नं. १, कास्की | ४,६६,००० थान |

ग) **संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम तथा ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री पुष्पज्योती ढुङ्गाना, पोखरा महानगरपालिका - २६, कास्की । | अध्यक्षः एक्सेस इन्भेष्टमेण्ट कम्पनी प्रा.लि, ललितपुर ।<br>प्रवन्ध निर्देशकः पाँचथर पावर कम्पनी लिमिटेड, हात्तिवन, ललितपुर ।<br>(प्रतिनिधि एक्सेस इन्भेष्टमेण्ट प्रा.लि.)<br>पुर्व प्रवन्ध निर्देशकः पाती खोला हाइड्रोपावर प्रोजेक्ट, काठमाण्डौ ।<br>संस्थापकः लुम्विनी विकास बैंक, डिल्लीबजार, काठमाण्डौ ।<br>संस्थापकः लेक सिटि एजुकेशन फाउण्डेशन, पोखरा, कास्की ।<br>संस्थापकः माइलस्टोन एजुकेशन फाउन्डेशन, पोखरा, कास्की ।<br>संस्थापकः बाबरी कन्स्ट्रक्सन प्रा.लि, काठमाण्डौ |
| २. | श्री रघुनाथ पुरी, का.म.न.पा - ०४ काठमाण्डौ । | संचालकः पाँचथर पावर कम्पनी लिमिटेड, हात्तिवन, ललितपुर । (प्रतिनिधि मेघा भेन्चर प्रा.लि.)<br>अध्यक्षः मेघा भेन्चर प्रा.लि. ।<br>अध्यक्षः दि रिभर ओभरसिज प्रा.लि, बत्तीसपुतली, काठमाण्डौ ।<br>प्रवन्ध निर्देशकः इम्पेरियल इन्स्टिच्युट अफ होटल म्यानेजमेण्ट प्रा.लि ।<br>प्रबन्ध निर्देशकः दि रिभर टेक्निकल ट्रेनिङ सेन्टर प्रा.लि ।<br>प्रबन्ध निर्देशकः दि रिभर सेक्युरिटि सर्भिस प्रा.लि ।<br>अध्यक्षः ग्लोबल ट्राभल म्यानेजमेण्ट प्रा.लि ।<br>अध्यक्षः देवन कन्सलटेन्ट्स प्रा.लि. ।<br>प्रबन्ध निर्देशकः होटल इम्पेरियल काठमाडौं प्रा.लि. ।<br>प्रबन्ध निर्देशकः राइट चान्स एजुकेसन कन्सल्टेन्सि प्रा.लि. ।<br>अध्यक्षः मेगा भेन्चर प्रा.लि (इन्भेष्टमेन्ट कम्पनी) ।<br>संस्थापकः पाँचथर पावर कम्पनी प्रा.लि (हेवा खोला) हात्तिबन, ललितपुर । |
| ३. | श्री मित्र प्रसाद काफ्ले, फिदिम-१, पाँचथर । | संस्थापकः पाँचथर पावर कम्पनी लि., हात्तिबन, ललितपुर ।<br>अध्यक्षः राजन निर्माण सेवा । |
| ४. | श्री धन राज आचार्य, पोखरा-३३, कास्की । | संचालकः एक्सेस इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.।<br>निर्देशकः युनाइटेड पब्लिकेशन, काठमाण्डौ ।<br>अध्यक्षः पाथिभरा एग्रो इण्डष्ट्रिज ।<br>संस्थापकः सिभिल बैंक लिमिटेड, सिटिसि मल, त्रिपुरेश्वर, काठमाण्डौ ।<br>संस्थापकः मेगा बैंक नेपाल लिमिटेड, राइजिङ्ग मल, कमलादी, काठमाण्डौ । |
| ५. | श्री बाबुराम थापा, तेडाप-०५, तेह्रथुम । | प्रबन्ध निर्देशकः समुन्नती इन्भेष्टमेन्ट लि, काठमाण्डौ ।<br>उप महासचिवः अल नेपाल पिजेन्ट फेडेरेसन (वि.सं २०७७ देखि) ।<br>अध्यक्षः अभियान माइक्रो फाइनान्स ।<br>संस्थापकः सुपरमादी हाइड्रोपावर लि., डिल्लिबजार, काठमाण्डौ । |

नोटः माथि उल्लेखित सञ्चालकहरुवाट सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ तथा कम्पनी ऐन, २०६३ को सम्पूर्ण ब्यवस्थाहरु पालना भएको छ ।

(घ) **संस्थापक ⁄ सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको संस्थापक शेयर हस्तान्तरण, कम्पनी ऐन तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून, प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रहि गरिनेछ ।

***(ख) सर्वसाधारण शेयरधनी समूह अन्तर्गत सर्वसाधारण बाहेक अन्य उपसमूह (संस्थापक, संगठीत संस्थाका कर्मचारी तथा आयोजना प्रभावित जिल्लाका स्थानीय बासिन्दा) का लागि बाँडफाँड गरिएको ⁄ गरिने शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्रि गर्न पाईने छैन ।***

## ग.५.ख.संस्थापक/सञ्चालकसँगको कारोबार:

(क) **संगठित संस्थाबाट कुनै संस्थापक ⁄ सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

(ख) **बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

## ग.६. सिमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

## ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

### ग.७.क.संगठित संस्थाको उच्च व्यवस्थापकीयय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीयय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण। साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने।**

| क्र. सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | शेयर संख्या | अन्य लगानी | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री पुष्पज्योती ढुङ्गाना, | कार्यकारी अध्यक्ष | स्नातकोत्तर | २०७३/०५/०५ | ४२,५८,००० | संस्थापक रिभरसाईड हाईड्रो प्रा.लि. ११,५०,००० कित्ता, पालुङ्ग खोला हाईड्रो प्रा.लि. ४,८०,००० कित्ता र तमोर सानिमा इनर्जी प्रा.लि ५६,५०० कित्ता | २० बर्ष भन्दा बढि हाईड्रोपावर लगायत अन्य व्यवसायीक क्षेत्रमा संलग्न |
| २. | श्री पदम प्रसाद पोखरेल | चिफ इन्जिनियर | स्नातकोत्तर | २०७७/१०/०१ | - | नभएको | ३५ बर्ष भन्दा बढि हाईड्रोपावर क्षेत्रमा म्भकष्नल तथा इन्जिनियरिङ्गको कार्यानुभब |
| ३. | श्री प्रकृति राज तिमल्सिना | महा प्रवन्धक/ कम्पनी सचिव | चार्टर्ड एकाउण्टेण्ट (सि.ए.) | २०७८/०७/०१ | - | नभएको | १२ बर्षको बैकिङ्ग क्षेत्रको अनुभव। |

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीयय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्नेः** सो नभएको।

(ग) **कर्मचारी संख्या** : ३५ जना।

| स्थायी /अस्थायी | करार | कुल कर्मचारी संख्या |
|---|---|---|
| ३५ | | ३५ |

### ग.७.ख.सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

(क) **सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधाः** कुनै भत्ता प्रदान नगरिएको। तर सञ्चालक सदस्यहरुको भ्रमणको हकमा वास्तविक खर्च कम्पनीले बेहोर्ने गरेको छ।

(ख) **संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| क्र.सं. | कर्मचारीको नाम | पद | पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.) | अवधि | पारिश्रमिक निर्धारण गर्ने निकाय |
|---|---|---|---|---|---|
| १. | श्री पुष्पज्योती ढुङ्गाना | कार्यकारी अध्यक्ष | ८८,१३,६००/– | आ. व. ०७८/७९ | वार्षिक साधारण सभाबाट |
| २. | श्री पदम प्रसाद पोखरेल | चिफ इन्जिनियर | ३७,८०,०००/– | आ. व. ०७८/७९ | व्यवस्थापनबाट |
| ३. | श्री प्रकृति राज तिमिल्सिना | महाप्रवन्धक आर्थिक तथा प्रशासन | २७,००,०००/– | आ. व. ०७८/७९ | व्यवस्थापनबाट |

(ग) **कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण** : सो नरहेको।

## ग.८.अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

➢ आयोजनाको निर्माणको लागि आवश्यक वित्तीय साधनको प्रवन्ध भईसकेको र आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा वित्तीय साधनको अभावको अवस्था रहेको छैन। भविष्यमा नयाँ आयोजनाहरुमा लगानी गरिने भएमा उपयुक्त वित्तीय साधनको व्यवस्थापन गरी लगानी गरिने छ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

➢ जलवायु परिवर्तन वा अन्य कारणले नदीको बहावमा परिवर्तन आउन सक्ने सम्भावना रहन्छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो। तर, आयोजनाको निर्माण गर्दा लामो अवधिको हाईड्रोलोजीको तथ्याङ्कको अध्ययन तथा विश्लेषणका आधारमा क्षमता निर्धारण गरिएको हुँदा तत्काल यस प्रकारको समस्या आउने सम्भावना न्यून रहेको छ।

➢ आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु सिमेन्ट, फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइरहेको हुनाले कच्चा पदार्थको अभाव हुने अवस्था छैन।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा विद्युत बिक्रिको सुनिश्चितता रहेको छ। नेपालमा विद्युतको माग बढी रहेको र छिमेकी मुलुकमा समेत विद्युत निर्यात गर्न सकिने प्रवल सम्भावना रहेको हुँदा बजारको स्थितिमा आउने परिवर्तनहरु थप सकारात्मक हुने देखिएको छ। विद्युत खरिद सम्झौताको प्रावधान अनुसार आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सुनिश्चिता गरेको छ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :**

विश्वब्यापि रुपमा फैलिरहेको कोरोना भाइरस महामारी (COVID-19) का कारण आयोजनामा केही ढिलाई भएको छ। यस ढिलाईबाट सो अवधिको विद्युत बिक्रि आय प्रभावित हुनेछ। तर, आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा यस विवरणपत्रमा उल्लेखित आयोजना लागत बढ्ने सम्भावना न्यून रहेको छ। त्यसैगरी यस ढिलाईबाट विद्युत खरिद दरमा कुनै प्रतिकुल असर पर्नेछैन।

**(ङ) विदेशी विनिमयको जोखिम :**

कम्पनीले प्रबर्द्धन गरिरहेको आयोजनाको इलेक्ट्रोमेकानिकल सम्बन्धी उपकरण, संरचना निर्माण तथा जडान आदि कार्यका लागि कम्पनीले ठेकेदार श्री एसिया प्यासिफिक पावर टेक कम्पनी लिमिटेडसँग गरेको सम्झौता बमोजिम ८३,६०,००० डलर करिव नेपाली रु. १ अर्व ३२ लाख भुक्तानी गर्नु पर्ने भएकोले सो हदसम्म विदेशी विनिमयको जोखिम रहेको छ, जुन कम्पनीको नियन्त्रणभन्दा बाहिरको विषय हो।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सो बाट पर्न सक्ने अवरोधहरुः**

आयोजना निर्माणका लागि कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरी इजाजतपत्रहरु प्राप्त गरी सकेको छ। यस प्रकारको अवरोधहरु रहेको छैन।

**(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : यस्तो जोखिम नरहेको।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः**

कर, भन्सार, विद्युतीय उपकरणहरु आयातमा कुनै पनि सरकारी नीतिगत परिवर्तन भएमा आयोजनाको संचालन चरणमा यस्ता जोखिम रहने।

**(झ) सञ्चालन इतिहासको अभावः**

कम्पनीका संस्थापकहरु जलविद्युत क्षेत्रमा लामो समय देखि कार्य गर्दै आएका अनुभवी ब्यक्तिहरु भएको हुनाले यस्तो जोखिम न्यून रहेको।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिमः**

आयोजनामा प्रयोग भएका प्रविधिहरुमा पछि परिवर्तन भएको खण्डमा मात्रै विद्युत गृह संचालनको क्रममा भविष्यमा केही प्रभाव पर्न सक्ने हुन्छ। तर यस्तो प्रकारको जोखिम ज्यादै न्यून हुने र सहजै सम्बोधन गर्न सकिने हुन्छ। आयोजनाले संचालनको चरणमा आवश्यक मात्रामा उपकरण तथा पार्टपूर्जाहरु जगेडामा समेत राख्ने व्यवस्था गरिएको छ।

**(ट) पूर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिमः**

पुर्वाधारको ब्यवस्था सम्पन्न भई सकि हाल आयोजना निर्माणाधिन अवस्थामा रहेता पनि वर्षायाममा पहुँच सडकमा पुग्न जाने क्षतिको कारण आयोजनाको निर्माणमा ढिलासुस्तीको जोखिम रहनेछ।

**(ठ) अन्य :**

- खडेरी, अनावृष्टि, अतिवृष्टि, जलस्रोतको मुहानमा अप्रत्याशित परिवर्तन, जलवायु परिवर्तनका कारण हुने अनपेक्षित वातावरण परिवर्तन आदिका कारण पानीको स्रोतमा कमी आएमा उत्पादन क्षमतामा कमी आउन सक्ने।
- प्राकृतिक प्रकोप तथा नियन्त्रण बाहिरका परिस्थितिहरु सृजना भई आयोजनाको भौतिक संरचना तथा उपकरणहरुमा क्षति पुऱ्याएमा खर्च वृद्धि हुन सक्ने तथा व्यावसायीक आम्दानीमा कमी हुन सक्ने।
- प्रशारण लाईनमा हुन सक्ने प्राविधिक वा यान्त्रिक गडबडीका कारण उत्पादित विद्युत आपूर्ति अवरुद्ध हुन सक्ने।
- विद्युत केन्द्रमा जडित मेसिन तथा यान्त्रिक उपकरणहरुमा हुने खराबीका कारण विद्युत उत्पादन तथा आपूर्ति अवरुद्ध हुन सक्ने।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको ब्यबस्थापनको धारणा रहेको छ। साथै उर्जाका विभिन्न श्रोत जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदिबाट प्राप्त गर्न सकिन्छ। यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ। सम्भावित जोखिमहरुलाई न्यूनिकरणका लागि कम्पनीले गरेका बीमाहरु सम्बन्धी विवरण तपसील बमोजिम रहेको छ। सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न प्रयोग गरिने यन्त्र, उपकरणहरुको ह्रासकट्टि खर्चको ब्यवस्थाका साथै यस कम्पनीको जलविद्युत केन्द्रहरुको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको निर्माण जोखिमलाई न्युनीकरण गर्न बीमा गरिएको छ। साथै, नियमित तथा आकस्मिक रुपमा मेसिनरी, उपकरण, सिभिल संरचना तथा प्रशारण लाईन आदिको निरिक्षण र मर्मत सम्भार गरिने व्यवस्था मिलाउनुका साथै जलविद्युत केन्द्रको नियमित मर्मत सम्भारका लागि आवश्यक पर्ने जगेडा पार्ट-पूर्जा (Spare Parts) को उचित व्यवस्था गरिएको छ।

| क्र. सं. | बीमा कम्पनीको नाम | बीमाको शीर्षक | बीमा गरिएको रकम (रु.) | बीमा बहन गर्ने जोखिम | प्रिमियमको रकम (रु.) | पछिल्लो पटक प्रिमियम भुक्तानी गरेको रकम र मिति | हालसम्म प्राप्त दाबी भुक्तनी | प्राप्त हुन बाँकि दाबी भुक्तानी | बीमाको बैधता (Validity) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | नेको इन्स्योरेन्स कं.लि. | Contractor's All Risk Policy | ५,२१,९०,९०,०५३.१५ | CAR Civil Works | १,०९,१०,५३०.३६ | १,०९,१०,५३०.३६ २३/११/२०२२ | ९,६०,००,००० | ३२,१२,३५,७२१.७० | २३/११/२०२३ |

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

प्रति शेयर अंकित मूल्य रु.१००/– दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

## ग.९. वित्तीय विवरण :

### ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा(नोक्सान हिसाब, नाफा(नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.ब. २०७७/०७८ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (२०७८ आषाढ मसान्त)**

रकम रु. हजारमा

| विवरण | आ.व २०७७/७८ |
|---|---|
| **सम्पत्ति** | |
| सम्पत्ति,प्लान्ट तथा औजार | ३७,७०४ |
| सम्पत्तिको कार्य प्रगति (Work in Progress Assets -Project Cost) | ३,२९३,०९३ |
| **खुद स्थिर सम्पत्ति** | **३,३३०,७९७** |
| **चालु सम्पत्ति, ऋण तथा पेश्की** | |
| ऋण तथा पेश्की, निक्षेप | २,०९३,०२० |
| नगद तथा बैंक मौज्दात | २,४३३ |
| **जम्मा चालु सम्पत्ति, ऋण तथा पेश्की** | **२,०९५,४५३** |
| **कूल सम्पति** | **५,४२६,२५०** |
| **शेयरधनी कोष तथा दायित्व** | |
| शेयर पूँजी | १,२६२,९९६ |
| अग्रिम शेयर | ४३५,२१५ |
| सञ्चित नाफा/नोक्सान | (२,५१९) |
| **जम्मा शेयरधनी कोष** | **१,६९५,६९१** |
| **दायित्व** | |
| दिर्घकालिन ऋण | २,८८४,६८७ |
| **जम्मा ऋण दायित्व** | **२,८८४,६८७** |
| अल्पकालीन ऋण | ६७६,५२१ |
| व्यापारीक तथा अन्य दायित्व | १६९,३५१ |
| **जम्मा चालु दायित्व** | **८४५,८७२** |
| **जम्मा दायित्व** | **३,७३०,५५९** |
| **कूल शेयरधनी कोष तथा दायित्व** | **५,४२६,२५०** |

## नाफा - नोक्सान हिसाब

(श्रावण १, २०७७ देखि आषाढ ३१, २०७८) रकम (रु.हजारमा)

| विवरण | आ.व. २०७७/२०७८ |
|---|---|
| **आय** | |
| **विक्रि** | – |
| अन्य आम्दानी | २,७७७ |
| **कुल** | – |
| **खर्च** | |
| प्रशासनिक खर्च | – |
| ह्रास कट्टी तथा अपलेखन गरिएको खर्च | (४,३७७) |
| **नाफा/(नोक्सान) आयकर अघिको** | **(१,६००)** |
| **घटाउनेः कर व्यवस्था** | |
| चालु वर्षको लागि | – |
| अघिल्लो बर्षको लागि | – |
| स्थगन कर | – |
| **नाफा/(नोक्सान) कर पछिको** | **(१,६००)** |

## नाफा नोक्सान बाँडफाँड हिसाव

| विवरण | आ.व. २०७७/२०७८ |
|---|---|
| **चालु बर्षको नाफा/(नोक्सान)** | ० |
| **अघिल्लो बर्ष सम्मको नाफा/(नोक्सान)** | (९१९) |
| **प्रस्तावित लाभांश** | ० |
| **बासलातमा सारिएको सञ्चित नाफा/(नोक्सान)** | (२,५१९) |

## नगद प्रवाह विवरण

(श्रावण १, २०७७ देखि आषाढ ३१, २०७८) रकम (रु. हजारमा)

| विवरण | आ.व. २०७७/२०७८ |
|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | |
| खुद नाफा/(नोक्सान) | (१,६००) |
| गैह्र नगद कारोबारको समायोजनः | (२,७७७) |
| ह्रास कट्टि | ३,६९४ |
| अपलेखन गरिएको प्रारम्भिक खर्च | ४,३७७ |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **३,६९४** |
| **सञ्चालन गतिविधिबाट प्राप्त नगद प्रवाह** | |
| ऋण तथा पेश्कीमा कमि/(बृद्धि) | (१,००१,९२३) |
| चालु दायित्वमा कमि/(बृद्धि) | ३१४,४३७ |
| **खुद सञ्चालन गतिविधिबाट प्राप्त नगद प्रवाह** | **(६८३,७९१)** |
| **लगानी गतिविधिबाट प्राप्त नगद प्रवाह** | |
| स्थिर सम्पत्तिको (खरिद)/विक्रि | (३८४७) |
| पूँजीगत कार्यप्रगति (Capital Work in Progress) | (१७५७१३६) |
| **खुद लगानी गतिविधिबाट प्राप्त नगद प्रवाह** | **(१,७६०,९८३)** |
| **वित्तीय गतिविधिबाट प्राप्त नगद प्रवाह** | |
| शेयर पूँजीको निष्काशन | ४३६,५४० |
| सापटि तथा ऋण | २,००५,९१० |
| **खुद वित्तीय गतिविधिबाट प्राप्त नगद प्रवाह** | **२,४४२,४५०** |
| **सम्पुर्ण गतिविधिबाट प्राप्त कुल नगद प्रवाह** | **(२,३२३)** |
| नगद तथा नगद समानको सुरु मौज्दात | ४,७५६ |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | **२,४३३** |

## स्व:पूँजीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पुँजी | जगेडा कोष | अन्य रिजर्भ | एक्चुरियल रिजर्भ | जम्मा शेयरधनी कोष |
|---|---|---|---|---|---|
| **आषाढ मसान्त २०७७ सम्म** | १२,६१,६७० | (९१९) | - | - | १२,६०,७५१ |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | (१,६००) | - | - | (१,६००) |
| जारी गरिएको नयाँ शेयर | ४,३६,५४० | - | - | - | ४,३६,५४० |
| शेयर बापतको पेश्की | - | - | - | - | - |
| जारी गरिएको बोनस शेयर | - | - | - | - | - |
| जारी गरिएको हदप्रद शेयर | - | - | - | - | - |
| लाभांश वितरण | - | - | - | - | - |
| पुरानो अवधिको समायोजन | - | - | - | - | - |
| **अन्य रिजर्भमा स्थानान्तरण** | - | - | - | - | - |
| शेयर प्रिमियम | - | - | - | - | - |
| अन्य रिजर्भ | - | - | - | - | - |
| **अन्य समायोजन** | - | - | - | - | - |
| OCI का मार्फत एक्चुरियल रिजर्भमा गरिएका अन्य समायोजन | - | - | - | - | |
| आषाढ मसान्त २०७८ सम्म | १६,९८,२१० | (२,५१९) | - | २५९ | १६,९५,६९१ |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

## वासलात

रकम रु. हजारमा

| विवरण | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा औजार | २५,७२९ | ३९,१५१ | ३७,७०४ |
| सम्पत्तिको कार्य प्रगति (Work in Progress Assets -Project Cost) | ६०९,०३१ | १,५३५,९५७ | ३,२९३,०९३ |
| **खुद स्थिर सम्पत्ति** | **६३४,७६०** | **१,५७५,१०८** | **३,३३०,७९७** |
| **चालु सम्पत्ति, ऋण तथा पेश्की** | | | |
| ऋण तथा पेश्की, निक्षेप | ५६६,८२३ | १,०९१,०९७ | २,०९३,०२० |
| नगद तथा बैंक मौज्दात | ६०७ | ४,७५६ | २,४३३ |
| **जम्मा चालु सम्पत्ति, ऋण तथा पेश्की** | **५६७,४३०** | **१,०९५,८५३** | **२,०९५,४५३** |
| **कूल सम्पति** | **१,२०२,१९१** | **२,६७०,९६२** | **५,४२६,२५०** |
| **शेयरधनी कोष तथा दायित्व** | | | |
| शेयर पूँजी | १,०२१,७७५ | १,०२१,७७५ | १,२६२,९९६ |
| अग्रिम शेयर | | २३९,८९५ | ४३५,२१५ |
| सञ्चित नाफा/नोक्सान | (९१९) | (९१९) | (२,५१९) |
| **जम्मा शेयरधनी कोष** | **१,०२०,८५६** | **१,२६०,७५१** | **१,६९५,६९२** |
| **दायित्व** | | | |
| दिर्घकालिन ऋण | – | ८७८,७७७ | २,८८४,६८७ |
| जम्मा ऋण दायित्व | – | ८७८,७७७ | २,८८४,६८७ |
| अल्पकालीन ऋण | १५६,४०० | ४९२,३७० | ६७६,५२१ |
| व्यापारीक तथा अन्य दायित्व | २४,९३४ | ३९,०६४ | १६९,३५१ |
| **जम्मा चालु दायित्व** | **१८१,३३४** | **५३१,४३४** | **८४५,८७२** |
| **जम्मा खुद दायित्व** | **१८१,३३४** | **१,४१०,२११** | **३,७३०,५५९** |
| **कूल शेयरधनी कोष तथा दायित्व** | **१,२०२,१९०** | **२,६७०,९६२** | **५,४२६,२५०** |

## नाफा- नोक्सान हिसाब

रकम रु. हजारमा

| विवरण | आ.व. २०७५/२०७६ | आ.व. २०७६/२०७७ | आ.व. २०७७/२०७८ |
|---|---|---|---|
| **आय** | | | |
| **बिक्रि** | – | – | – |
| अन्य आम्दानी | – | – | २,७७७ |
| **कुल** | **–** | **–** | **–** |
| **खर्च** | | | |
| प्रशासनिक खर्च | – | – | – |
| ह्रास कट्टी तथा अपलेखन गरिएको खर्च | – | – | (४,३७७) |
| **नाफा/(नोक्सान) आयकर अघिको** | **–** | **–** | **(१,६००)** |
| **घटाउनेः कर ब्यवस्था** | | | |
| चालु वर्षको लागि | – | – | – |
| अघिल्लो बर्षको लागि | – | – | – |
| स्थगन कर | – | – | – |
| **नाफा/(नोक्सान) आयकर पछिको** | **–** | **–** | **(१,६००)** |

नोटः आयोजना संचालनमा आइनसकेको हुनाले आम्दानी खर्च हिसाव नदेखाइएको ।

## नाफा नोक्सान बाँडफाँड हिसाव

| विवरण | आ.व.२०७५/२०७६ | आ.व.२०७६/२०७७ | आ.व.२०७७/२०७८ |
|---|---|---|---|
| चालु बर्षको नाफा/(नोक्सान) | – | – | (१,६००) |
| अघिल्लो बर्ष सम्मको नाफा/(नोक्सान) | (९१९) | (९१९) | (९१९) |
| प्रस्तावित लाभांश | – | – | – |
| बासलातमा सारिएको सञ्चित नाफा/(नोक्सान) | (९१९) | (९१९) | (२,५१९) |

## नगद प्रवाह विवरण

रकम रु. हजारमा

| विवरण | आ.व. २०७५/२०७६ | आ.व. २०७६/२०७७ | आ.व. २०७७/२०७८ |
|---|---|---|---|
| सञ्चालन गतिविधिको नगद प्रवाह | | | |
| खुद नाफा/(नोक्सान) | – | – | (१६००) |
| गैह्र नगद कारोबारको समायोजनः | | | |
| ह्रास कट्टि | ४,८५९ | ६,५७७ | ३६९४ |
| अपलेखन गरिएको प्रारम्भिक खर्च | – | – | ४३७७ |
| सवारीसाधन विक्रिमा नाफा | – | – | (२,७७७) |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **४,८५९** | **६,५७७** | **३,६९४** |
| **सञ्चालन गतिविधिबाट प्राप्त नगद प्रवाह** | | | |
| ऋण तथा पेश्कीमा कमि/(बृद्धि) | (३१५,८९७) | (५२४,२७४) | (१,००१,९२३) |
| चालु दायित्वमा कमि/(बृद्धि) | १२८,१६४ | ३५०,१०० | ३१४,४३७ |
| **खुद सञ्चालन गतिविधिबाट प्राप्त नगद प्रवाह** | **(१८२,८७४)** | **(१६७,५९७)** | **(६८३,७९१)** |
| **लगानी गतिविधिबाट प्राप्त नगद प्रवाह** | | | |
| स्थिर सम्पत्तिको (खरिद)/बिक्रि | (२०,७७१) | (२०,०००) | (३८४७) |
| पूँजीगत कार्यप्रगति (Capital Work in Progress) | (३६८,०९१) | (९२६,९२७) | (१७५७१३६) |
| **खुद लगानी गतिविधिबाट प्राप्त नगद प्रवाह** | **(३८८,८६२)** | **(९४६,९२७)** | **(१,७६०,९८३)** |
| **वित्तीय गतिविधिबाट प्राप्त नगद प्रवाह** | | | |
| शेयर पूँजीको निष्काशन | ५७१,८६८ | २३९,८९५ | ४३६,५४० |
| सापटि तथा ऋण | – | ८७८,७७७ | २,००५,९१० |
| **खुद वित्तीय गतिविधिबाट प्राप्त नगद प्रवाह** | **५७१,८६८** | **१,११८,६७२** | **२,४४२,४५०** |
| **सम्पुर्ण गतिविधिबाट प्राप्त कुल नगद प्रवाह** | **१३२** | **४,१४८** | **(२,३२४)** |
| नगद तथा नगद समानको सुरु मौज्दात | ४७५ | ६०७ | ४,७५६ |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | **६०७** | **४,७५५** | **२,४३३** |

नोटः आर्थिक बर्ष २०७७/०७८ को वित्तीय विवरण NFRS बमोजिम तयार नगरिएको सो सम्बन्धमा लेखापरीक्षकबाट सो वित्तीय विवरण उपर NFRS बमोजिम तयार नभएको राय प्रस्तुत गरेको ।

आर्थिक बर्ष २०७९/०८० देखिको वित्तीय विवरण NFRS बमोजिम तयार गर्ने कम्पनीको योजना रहेको छ।

**(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरणः**

## वासलात

रकम रु. हजारमा

| विवरण | अपरिष्कृत आ.व २०७८/७९ | अपरिष्कृत आ.व २०७९/२०८० आश्विन मसान्त |
|---|---|---|
| **सम्पत्ति** | | |
| सम्पत्ति,प्लान्ट तथा औजार | ३६,०७० | ३३,५५६ |
| सम्पत्तिको कार्य प्रगति (Work in Progress Assets -Project Cost) | ६,३५९,१८५ | ६,४७१,९६२ |
| **खुद स्थिर सम्पत्ति** | **६,३९५,२५५** | **६,५०५,५१८** |
| **चालु सम्पत्ति, ऋण तथा पेश्की** | | |
| ऋण तथा पेश्की, निक्षेप | १,८०९,५९३ | १,९७६,११८ |
| नगद तथा बैंक मौज्दात | २५,८५३ | ५,५११ |
| **जम्मा चालु सम्पत्ति, ऋण तथा पेश्की** | **१,८३५,४४६** | **१,९८१,६२९** |
| **कूल सम्पति** | **८,२३०,७०१** | **८,४८७,१४७** |
| **शेयरधनी कोष तथा दायित्व** | | |
| शेयर पूँजी | १,७८५,००० | १,७८५,००० |
| अग्रिम शेयर | – | – |
| सञ्चित नाफा/नोक्सान | (२,५१९) | (२,५१९) |
| **जम्मा शेयरधनी कोष** | **१,७८२,४८१** | **१,७८२,४८१** |
| **दायित्व** | | |
| दिर्घकालिन ऋण | ५,१५८,७०५ | ५,५८७,७१९ |
| **जम्मा ऋण दायित्व** | **५,१५८,७०५** | **५,५८७,७१९** |
| अल्पकालीन ऋण | ६९९,३३१ | ६२८,४३९ |
| व्यापारीक तथा अन्य दायित्व | ५९०,१८४ | ४८८,५०८ |
| **जम्मा चालु दायित्व** | **१,२८९,५१५** | **१,११६,९४७** |
| **जम्मा दायित्व** | **८,२३०,७०१** | **६,७०४,६६६** |
| **कूल शेयरधनी कोष तथा दायित्व** | **८,२३०,७०१** | **८४८७,१४७** |

नोट : आर्थिक वर्ष २०७८/७९ मा सिभिल निर्माण कार्य शिर्षकमा देखाईएको रु.७,४०,००,०००/- पेश्की रकम आर्थिक बर्ष २०७९/८० मा फरफारम भई खर्च समायोजन गएकोले सोही बमोजिम प्रस्तुत गरिएको छ।

## नाफा - नोक्सान हिसाब विवरण

रकम रु. हजारमा

| विवरण | अपरिष्कृत आ.व. २०७८/२०७९ | अपरिष्कृत आ.व. २०७९/२०८० आश्विन मसान्त |
|---|---|---|
| **आय** | | |
| विक्रि | – | – |
| अन्य आम्दानी | – | – |
| कुल | – | – |
| **खर्च** | | |
| प्रशासनिक खर्च | – | – |
| ह्रास कट्टी तथा अपलेखन गरिएको खर्च | – | – |
| **नाफा/(नोक्सान) आयकर अघिको** | **–** | **–** |
| **घटाउनेः कर ब्यवस्था** | | |
| चालु वर्षको लागि | – | – |

| विवरण | अपरिष्कृत आ.व. २०७८/२०७९ | अपरिष्कृत आ.व. २०७९/२०८० आश्विन मसान्त |
|---|---|---|
| अधिल्लो बर्षको लागि | – | – |
| स्थगन कर | – | – |
| **नाफा/(नोक्सान) पछिको कर** | **–** | **–** |
| **नाफा/(नोक्सान) बाँडफाँड हिसाव** | | |
| **अधिल्लो बर्ष सम्मको नाफा/(नोक्सान)** | (२,५१९) | (२,५१९) |

## नाफा नोक्सान बाँडफाँड हिसाव

| विवरण | अपरिष्कृत आ.व. २०७८/२०७९ | अपरिष्कृत आ.व. २०७९/२०८० आश्विन मसान्त |
|---|---|---|
| **चालु बर्षको नाफा/(नोक्सान)** | – | – |
| **अधिल्लो बर्ष सम्मको नाफा/(नोक्सान)** | (२५१९) | (२५१९) |
| **प्रस्तावित लाभांश** | – | – |
| **बासलातमा सारिएको सञ्चित नाफा/(नोक्सान)** | (२५१९) | (२५१९) |

## नगद प्रवाह विवरण

रकम रु. हजारमा

| विवरण | अपरिष्कृत आ.व २०७८/७९ | अपरिष्कृत आ.व. २०७९/२०८० आश्विन मसान्त |
|---|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | | |
| खुद नाफा/(नोक्सान) | – | – |
| गैह्र नगद कारोबारको समायोजन | – | – |
| ह्रास कट्टि | ८,१५७ | २,५१४ |
| अपलेखन गरिएको प्रारम्भिक खर्च | | – |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **८,१५७** | **२,५१४** |
| **सञ्चालन गतिविधिबाट प्राप्त नगद प्रवाह** | | |
| ऋण तथा पेश्कीमा कमि/(बृद्धि) | २८३,४२७ | (१६६,५२५) |
| चालु दायित्वमा कमि/(बृद्धि) | ४२०,८३३ | (१०१,६७६) |
| **कार्यशिल पूँजीको परिवर्तनबाट प्राप्त नगद प्रवाह** | **७०४,२६०** | **(२६८,२०१)** |
| **खुद सञ्चालन गतिविधिबाट प्राप्त नगद प्रवाह** | **७१२,४१७** | **(२६५,६८७)** |
| **लगानी गतिविधिबाट प्राप्त नगद प्रवाह** | | |
| स्थिर सम्पत्तिको (खरिद)/बिक्रि | (६,५२३) | |
| पूँजीगत कार्यप्रगति (Capital Work in Progress) | (३,०६६,०९२) | (११२,७७७) |
| **खुद लगानी गतिविधिबाट प्राप्त नगद प्रवाह** | **(३,०७२,६१५)** | **(११२,७७७)** |
| **वित्तीय गतिविधिबाट प्राप्त नगद प्रवाह** | | |
| शेयर पूँजीको निष्काशन | ८६,७९० | – |
| सापटि तथा ऋण | २,२७४,०१८ | ३५८,१२२ |
| अल्पकालिन ऋण कमि/(बृद्धि) | २२,८१० | – |
| **खुद वित्तीय गतिविधिबाट प्राप्त नगद प्रवाह** | **२,३८३,६१८** | **३५८,१२२** |
| **सम्पुर्ण गतिविधिबाट प्राप्त कुल नगद प्रवाह** | **२३,४२१** | **(२०,३४२)** |
| नगद तथा नगद समानको सुरु मौज्दात | २,४३३ | २५,८५३ |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | **२५,८५३** | **५,५११** |

## २०७८ श्रावणदेखि २०७९ आषाढ मसान्तसम्मको स्व-पुंजीमा भएको परिवर्तनको विवरण

(रु.हजारमा)

| विवरण | शेयर पुँजी | जगेडा कोष | अन्य रिजर्भ | एक्चुरियल रिजर्भ | जम्मा शेयरधनी कोष |
|---|---|---|---|---|---|
| **आषाढ मसान्त २०७८ सम्मको** | १,७८५,००० | (२,५१९) | - | - | १,७८२,४८१ |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | - | - | - |
| जारी गरिएको नयाँ शेयर | - | - | - | - | - |

| विवरण | शेयर पुँजी | जगेडा कोष | अन्य रिजर्भ | एक्चुरियल रिजर्भ | जम्मा शेयरधनी कोष |
|---|---|---|---|---|---|
| शेयर बापतको पेश्की | - | - | - | - | - |
| जारी गरिएको बोनस शेयर | - | - | - | - | - |
| जारी गरिएको हदप्रद शेयर | - | - | - | - | - |
| लाभांश वितरण | - | - | - | - | - |
| पुरानो अवधिको समायोजन | - | - | - | - | - |
| **अन्य रिजर्भमा स्थानान्तरण** | - | - | - | - | - |
| शेयर प्रिमियम | - | - | - | - | - |
| अन्य रिजर्भ | - | - | - | - | - |
| **अन्य समायोजन** | - | - | - | - | - |
| OCI का मार्फत एक्चुरियल रिजर्भमा गरिएका अन्य समायोजन | - | - | - | - | - |
| **आषाढ मसान्त २०७९को अन्तिम मौज्दात** | १,७८५,००० | (२,५१९) | - | - | १,७८२,४८१ |

## आ.व. २०७९/२०८० आश्विन मसान्तसम्मको अपरिष्कृत स्वःपुँजीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पुँजी | जगेडा कोष | अन्य रिजर्भ | एक्चुरियल रिजर्भ | जम्मा शेयरधनी कोष |
|---|---|---|---|---|---|
| **आषाढ मसान्त २०७९ सम्मको** | १,७८५,००० | (२,५१९) | - | - | १,७८२,४८१ |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | - | - | - |
| जारी गरिएको नयाँ शेयर | - | - | - | - | - |
| शेयर बापतको पेश्की | - | - | - | - | - |
| जारी गरिएको बोनस शेयर | - | - | - | - | - |
| जारी गरिएको हदप्रद शेयर | - | - | - | - | - |
| लाभांश वितरण | - | - | - | - | - |
| पुरानो अवधिको समायोजन | - | - | - | - | - |
| **अन्य रिजर्भमा स्थानान्तरण** | - | - | - | - | - |
| शेयर प्रिमियम | - | - | - | - | - |
| अन्य रिजर्भ | - | - | - | - | - |
| **अन्य समायोजन** | - | - | - | - | - |
| OCI का मार्फत एक्चुरियल रिजर्भमा गरिएका अन्य समायोजन | - | - | - | - | - |
| **२०७९ आश्विन मसान्तको अन्तिम मौज्दात** | १,७८५,००० | (२,५१९) | - | - | १,७८२,४८१ |

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात् संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणाः** सो नभएको।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको।

(ज) **आगामी तिन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु : कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :**

## वासलात

(रकम रु.हजारमा)

| विवरण | आ.व. २०७९/२०८० | आ.व. २०८०/२०८१ | आ.व. २०८१/२०८२ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| सम्पत्ति,प्लान्ट तथा औजार | २२,००६ | १७,६७२ | १४,१८८ |
| सम्पत्तिको कार्य प्रगति (Work in Progress Assets -Project Cost) | | | |
| अदृष्य सम्पत्ति (परियोजना सम्पत्ति) | ८,१६४,६३० | ७,८८६,५७५ | ७,६०८,५२० |
| **खुद स्थिर सम्पत्ति** | **८,१८६,६३६** | **७,९०४,२४७** | **७,६२२,७०८** |
| **चालु सम्पत्ति, ऋण तथा पेश्की** | | | |
| नगद तथा बैंक मौज्दात | ३४,३२४ | ७९,८८६ | ६९,५२१ |
| ऋण तथा पेश्की, निक्षेप | १,१३०,२३१ | ११३,०२३ | १०१,७२१ |

| विवरण | आ.व. २०७९/२०८० | आ.व. २०८०/२०८१ | आ.व. २०८१/२०८२ |
|---|---|---|---|
| असुल गर्न बाँकि आसामी (व्यापारीक) | | २५२,५७३ | २५९,९४० |
| **जम्मा चालु सम्पत्ति, ऋण तथा पेश्की** | **१,१६४,५५५** | **४४५,४८२** | **४३१,१८२** |
| **कूल सम्पति** | **९,३५१,१९१** | **८,३४९,७२९** | **८,०५३,८९०** |
| **शेयरधनी कोष तथा दायित्व** | | | |
| शेयर पूँजी | २,१००,००० | २,१००,००० | २,१००,००० |
| अग्रिम शेयर | | – | – |
| सञ्चित नाफा/नोक्सान | १३१,५१० | २९०,४३४ | ५२८,९१४ |
| **जम्मा शेयरधनी कोष** | **२,२३१,५१०** | **२,३९०,४३४** | **२,६२८,९१४** |
| **दायित्व** | | | |
| दिर्घकालिन ऋण | ६,०६७,२६६ | ५,६७२,१२१ | ५,२३३,८२४ |
| **जम्मा ऋण दायित्व** | **६,०६७,२६६** | **५,६७२,१२१** | **५,२३३,८२४** |
| अल्पकालीन ऋण | ९००,००० | – | – |
| चालु पूँजी ऋण | | १५०,००० | १५०,००० |
| व्यापारीक तथा अन्य दायित्व | १५२,४१५ | १३७,१७४ | ४१,१५२ |
| **जम्मा चालु दायित्व** | **१,०५२,४१५** | **२८७,१७४** | **१९१,१५२** |
| **कूल शेयरधनी कोष तथा दायित्व** | **९,३५१,१९१** | **८,३४९,७२९** | **८,०५३,८९०** |

## नाफा- नोक्सान हिसाब

(रकम रु.हजारमा)

| विवरण | आ.व. २०७९/२०८० | आ.व. २०८०/२०८१ | आ.व. २०८१/२०८२ |
|---|---|---|---|
| **आय** | | | |
| विद्युत विक्रि | ६६९,४८३ | १,२०१,००९ | १,२३६,८८७ |
| अन्य आम्दानी | – | – | – |
| **कुल** | **६६९,४८३** | **१,२०१,००९** | **१,२३६,८८७** |
| **खर्च** | | | |
| रोयल्टी खर्च | १६,७८५ | २८,८१९ | २९,४८२ |
| शेयर निष्काशन खर्च | – | ३,५०० | – |
| ह्रास कट्टी खर्च | १९२,९११ | २८२,३८९ | २८१,५३९ |
| आयोजना/भौतिक सम्पती अपलेखन गरिएको खर्च | – | – | – |
| आयोजना सञ्चालन तथा प्रशासनिक खर्च | – | १०२,२९३ | १०३,८३२ |
| **सञ्चालन नाफा/(नोक्सान)** | **४५९,७८७** | **७८४,००८** | **८२२,०३४** |
| **व्याज खर्च** | **३२५,७५८** | **६२१,८४०** | **५७८,६८७** |
| **नाफा/(नोक्सान) वोनस तथा आयकर अघिको** | **१३४,०२९** | **१६२,१६८** | **२४३,३४७** |
| वोनस व्यवस्था | – | ३,२४३ | ४,८६७ |
| **नाफा/(नोक्सान) आयकर अघिको** | **१३४,०२९** | **१५८,९२४** | **२३८,४८०** |
| **घटाउनेः कर ब्यवस्था** | | | |
| चालु वर्षको लागि | – | – | – |
| अघिल्लो बर्षको लागि | – | – | – |
| स्थगन कर | – | – | – |
| **नाफा/(नोक्सान) आयकर पछिको** | **१३४,०२९** | **१५८,९२५** | **२३८,४८०** |

## नाफा नोक्सान बाँडफाँड हिसाव

| विवरण | आ.व.२०७९/२०८० | आ.व. २०८०/२०८१ | आ.व.२०८१/२०८२ |
|---|---|---|---|
| **चालु बर्षको नाफा/(नोक्सान)** | १३४,०२९ | १५८,९२४ | २३८,४८० |
| **अघिल्लो बर्ष सम्मको नाफा/(नोक्सान)** | (२,५१९) | १३१,५१० | २९०,४३५ |
| **प्रस्तावित लाभांश** | – | – | – |
| **बासलातमा सारिएको सञ्चित नाफा/(नोक्सान)** | १३१,५१० | २९०,४३५ | ५२८,९१४ |

## नगद प्रवाह विवरण

(रकम रु.हजारमा)

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व २०७९/२०८० | आ.व २०८०/२०८१ | आ.व २०८१/२०८२ |
| **सञ्चालन गतिविधि बाट प्राप्त नगद प्रवाह** | | | |
| खुद नाफा/(नोक्सान) | १३४,०२९ | १५८,९२४ | २३८,४८० |
| **समायोजनः** | | | |
| जोडः ह्रासकट्टि | १९२,९११ | ४,३३४ | ३,४८४ |
| अमूर्त सम्पत्तिहरुको परिशोधन | – | २७८,०५५ | २७८,०५५ |
| आवधिक ऋणमा ब्याज | ३२५,७५८ | ६२१,८४० | ५७८,६८७ |
| घटाउनेः गैह्र चालु सम्पत्तिको बिक्रिमा नाफा | – | – | – |
| **कार्यशिल पूँजीको परिवर्तन अधिको सञ्चालन नगद प्रवाह** | **६५२,६९८** | **१,०६३,१५३** | **१,०९८,७०६** |
| **कार्यशिल पूँजीका परिवर्तन बाट प्राप्त नगद प्रवाह** | **–** | **–** | **–** |
| **चालु सम्पत्तिको कमि/(बृद्धि)** | | | |
| प्राप्य (कमि)/बृद्धिः | | | |
| व्यापार तथा अन्य पेश्कि | ६७९,३६२ | १,०१७,२०८ | ११,३०२ |
| व्यापार तथा अन्य पाउनुपर्ने | – | (२५२,५७३) | (७,३६७) |
| चालू दायित्व (कमि)/बृद्धिः | (४३७,७६८) | (१५,२४२) | (९६,०२२) |
| **कार्यशिल पूँजीको परिवर्तन पछिको नगद प्रवाह** | **२४१,५९४** | **७४९,३९३** | **(९२,०८६)** |
| **खुद सञ्चालन गतिविधि बाट प्राप्त नगद प्रवाह (क)** | **८९४,२९१** | **१,८१२,५४६** | **१,००६,६१९** |
| **लगानी गतिविधिबाट प्राप्त नगद प्रवाह** | | | |
| लगानीमा बृद्धि | | | |
| पूँजीगत कार्यप्रगति कमि/(बृद्धिः) | ६,१७३,८१५ | – | – |
| सम्पत्ति, प्लाण्ट तथा उपकरणको खरिद | ६,५२३ | – | – |
| अमूर्त सम्पत्तिहरु थप्ने वा घटाउने | (८,१६४,६३०) | – | – |
| **खुद लगानी गतिविधिबाट प्राप्त नगद प्रवाह (ख)** | **(१,९८४,२९२)** | **–** | **–** |
| **वित्तीय गतिविधिबाट प्राप्त नगद प्रवाह** | | | |
| शेयर पूँजी कमि/(बृद्धि) | ३१५,००० | – | – |
| शेयर पूँजी आवेदनमा (कमि)/बृद्धि | – | – | – |
| सुरक्षित ऋण (कमि)/बृद्धि | ९०८,५६० | (३९५,१४४) | (४३८,२९७) |
| छोटो अवधिको ऋण वा उधारोमा (कमि)/बृद्धि | २००,६६९ | (९००,०००) | – |
| चालु कर्जामा कमि/(बृद्धि) | – | १५०,००० | – |
| ब्याज भूक्तानी | (३२५,७५८) | (६२१,८४०) | (५७८,६८७) |
| लाभाशं भूक्तानी | – | – | – |
| **खुद वित्तीय गतिविधिबाट प्राप्त नगद प्रवाह (ग)** | **१,०९८,४७१** | **(१,७६६,९८४)** | **(१,०१६,९८४)** |
| **सम्पुर्ण गतिविधिबाट प्राप्त कुल नगद प्रवाह (क+ख + ग)** | **८,४७०** | **४५,५६२** | **(१०,३६५)** |
| नगद तथा नगद समानको सुरु मौज्दात | २५,८५४ | ३४,३२४ | ७९,८८६ |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | **३४,३२४** | **७९,८८६** | **६९,५२१** |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :**

- प्राविधिक जोखिम, प्राकृतिक प्रकोप समेतको विश्लेषण गरी जडित क्षमताको औषतमा ९०% उपयोग हुने अनुमानको आधारमा विद्युत आय अनुमान गरिएको छ।
- रोयल्टी खर्च कुल आयको २% अनुमान गरिएको छ।
- सञ्चालन तथा मर्मत सम्भार खर्च ३% का दरले प्रत्येक वर्ष वृद्धि हुने गरि अनुमान गरिएको छ।
- मर्मत तथा सम्भार खर्च आयको २% हुने अनुमान गरिएको छ।
- १०.५०% ब्याजदर लाई आधार मानि वित्तीय लागत अनुमान गरिएको छ।
- कर अधिको नाफाको २% कर्मचारी बोनस अनुमान गरिएको छ।

- ह्रास खर्च कम्पनीको नीति अनुसार अनुमान गरिएको छ जसमा कार्यालय औजार/उपकरणको लागि २५% तथा सवारी साधनको लागि २०% अनुमान गरिएको छ।
- व्यावसायिक सञ्चालनको पहिलो दश वर्षको लागि आयकरमा शतप्रतिशत र अर्को पाँच वर्षको लागि ५० प्रतिशत छुट अनुमान गरिएको छ।
- कर्जा भुक्तानी अवधि १० (४० इन्सटलमेण्ट) बर्ष अनुमान गरिएको छ।
- विमा ब्यवस्था आयको ४% अनुमान गरिएको छ।
- अमुर्त सम्पत्तिको परिशोधन खर्च बापत परियोजनाको अवधिभर लाई ३.३३% हुने अनुमान गरिएको छ।
- ऋण पूँजी अनुपात ७५:२५ अनुमान गरिएको छ।
- विद्युत विक्रि दरमा पाँच बर्ष सम्म ५% का दरले बृद्धि हुने अनुमान गरिएको छ।
- विद्युतको ब्यावसायिक उत्पादन मिति मंसिर १, २०७९ हुने अनुमान गरिएको छ।

### ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :

(क) **सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

कम्पनीको प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी तथा संचित नाफा (नोक्सान) मा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक | | | अपरिष्कृत | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ | आ.ब. २०७८/७९ | आ.ब २०७९/०८० आश्विन मसान्त | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ |
| प्रति शेयर (नेटवर्थ) (रु.) | ९९.९१ | ९९.९१ | ९९.८० | ९९.८६ | ९९.८६ | १०६.२६ | ११३.८३ | १२५.१९ |
| प्रति शेयर आम्दानी (रु.) | – | – | (०.१३) | – | – | ६.३८ | ७.५७ | ११.३६ |
| संचित नाफा नोक्सान (रु.हजारमा) | (९१९) | (९१९) | (२,५१९) | (२,५१९) | (२,५१९) | १३१,५१० | २९०,४३४ | ५२८,९१४ |

| विवरण | वास्तविक (रु. हजारमा) | | | अपरिष्कृत | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.व २०७५/०७६ | आ.व २०७६/०७७ | आ.व २०७७/०७८ | आ.व २०७८/०७९ | आ.ब २०७९/०८० आश्विन मसान्त | आ.व २०७९/०८० | आ.व २०८०/०८१ | आ.व २०८१/०८२ |
| चुक्ता पुँजी | १,०२१,७७५ | १,०२१,७७५ | १,२६२,९९६ | १,७८५,००० | १,७८५,००० | २,१००,००० | २,१००,००० | २,१००,००० |
| जगेडा तथा कोषहरु | (९१९) | (९१९) | (२,५१९) | (२,५१९) | (२,५१९) | १३१,५१० | २९०,४३४ | ५२८,९१४ |
| **कुल नेटवर्थ** | **१,०२०,८५६** | **१,०२०,८५६** | **१,२६०,४७६** | **१,७८२,४८१** | **१,७८२,४८१** | **२,२३१,५१०** | **२,३९०,४३४** | **२,६२८,९१४** |
| शेयर संख्या (हजारमा) | १०,२१८ | १०,२१८ | १२,६३० | १७,८५० | १७,८५० | २१,००० | २१,००० | २१,००० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९९.९१ | ९९.९१ | ९९.८० | ९९.८६ | ९९.८६ | १०६.२६ | ११३.८३ | १२५.१९ |
| प्रति शेयर चुक्ता पुंजी रु. | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| खूद नाफा नोक्सान (रु. हजारमा) | – | – | (१,६००) | – | – | १३४,०२९ | १५८,९२४ | २३८,४८० |
| प्रति शेयर आम्दानी (रु.) | – | – | (०.१३) | – | – | ६.३८ | ७.५७ | ११.३६ |
| नेटवर्थमा औसत प्रतिफल | – | – | (०.००) | – | – | ०.०६ | ०.०७ | ०.०९ |

(ख) **विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल** : सो नभएको।

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशनकर्ता कम्पनीको व्यवस्थापनले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिकाहरु पुनरावलोकन गरी ठिक छ भनि चार्टर्ड एकाउन्टेन्ट संस्था श्री टिपि अधिकारी एण्ड एसोसिएट्स बाट प्रमाणित भएको हो।

## ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

### ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि तथा सर्वसाधारणमा गरी रु.३१,५०,००,०००/– (अक्षरेपी एकतीस करोड पचास लाख मात्र) बराबरको रु.१००/– अंकित दरको ३१,५०,००० कित्ता शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही शेयर निष्काशन गरी उक्त रकम कम्पनीले आयोजना निर्माण कार्यमा खर्च गर्ने मुख्य उद्देश्य रहेको छ।

**ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग :**

(क) **निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण:** यस विवरण मार्फत सर्वसाधारण (स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरु समेत) मा निष्काशन गरिने ३१,५०,००० कित्ता शेयर बराबरको रकम कम्पनीको हाल निर्माणाधिन ४४ मेगावाट जडित क्षमताको सुपर मादी जलविद्युत आयोजनाको निर्माण लागत मध्येको स्व-पुँजी लगानी अन्तर्गत देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | सिभिल निर्माण कार्य | १०,५०,००,०००/- |
| २. | इलेक्ट्रो मेकानिकल (जडान समेत) कार्य | १५,००,००,०००/- |
| ३ | हाइड्रोमेकानिकल कार्य | ५,००,००,०००/- |
| ४ | शेयर निष्काशन खर्च | १,००,००,०००/- |
| | **जम्मा** | **३१,५०,००,०००/-** |

(ख) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्रि नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था:** यस विवरणपत्रबाट निष्काशित शेयर स्थानिय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुबाट माग बमोजिम दरखास्त प्राप्त नभई शेयर बाँकि रहन गएमा उक्त शेयर सर्वसाधारणमा थप गरी निष्काशन गरिनेछ। त्यसै गरी सर्वसाधारणहरुबाट माग बमोजिम दरखास्त प्राप्त नभई शेयर बाँकि रहन गएमा निष्काशित रकम रु.३१,५०,००,०००/- (अक्षरेपी एकतीस करोड पचास लाख रुपैँया मात्र) बराबरको शेयर खरिद गर्न प्रत्याभूतिकर्ता प्रभु क्यापिटल लिमिटेडसँग प्रत्याभूति सम्झौता गरिसकिएको छ।

(ग) **आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**

यस कम्पनीद्वारा निर्माणाधिन आयोजनाको आयोजना स्थल कास्की जिल्लाको मादी गाउँपालिका (साविक नामार्जुङ र पार्चे गा.वि.स) मा रहेको छ। यो जलविद्युत आयोजनाको निर्माण कार्यका लागि परामर्श सेवा कार्य, सिभिल कार्य, हाइड्रोमेकानिकल कार्य र इलेक्ट्रोमेकानिकल निर्माण कार्यका लागि परामर्शदाता तथा ठेकेदारहरुको छनौट भई हाल सम्झौता बमोजिमको कार्यहरु भइरहेका छन्। नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्रि सम्झौता बमोजिम आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोड्नको लागि २२ कि.मी १३२ के.भी. को डबल सर्किट विद्युत प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको लेखनाथ सव-स्टेशन मा जोड्ने योजना रहेको छ।

**आयोजनाको विभिन्न कार्यको आ.व. अनुसार भएको वास्तविक खर्चहरुको विवरण तथा आगामी आ. व. सम्मको खर्चहरुको प्रक्षेपण यस प्रकार रहेको छः।**

| क्र.सं. | विवरण | आ. व. | आ. व. | आ. व. | आ. व. | आ. व. | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | रु.हजारमा |
| १ | पूर्व संचालन खर्च | १८४,४५८ | –४९६ | ० | ० | १,२९५ | १८५,२५७ |
| २ | पहूँचमार्ग तथा पुर्वाधार क्याप्प तथा कार्यलय रुपाङ्कन | १६२,९९८ | ५,९४८ | ५,५६५ | १,३२८ | २४,१६१ | २००,००० |
| ३ | सिभिल निर्माण कार्य | ६८,६३९ | ६७५,०४८ | १,०४१,९८४ | १,५७०,४१४ | १,२३५,६५२ | ४,५९१,७३७ |
| ४ | इलेक्ट्रो मेकानिकल कार्य | ९२४ | ४,७५० | २८४,७६२ | ७४१,५८० | १७,९८४ | १,०५०,००० |
| ५ | सामुदायिक तथा वातावरणीय सहयोग कार्य | ४०,२४४ | ११,६६४ | ४३,९८९ | १४,७२६ | –३०,६२३ | ८०,००० |
| ६ | हाइड्रोमेकानिकल कार्य | ० | १०२,५११ | ११४,१०८ | १,४४४ | ३८१,९३७ | ६००,००० |
| ७ | सवारी साधन | ० | ० | ० | ० | ५१,९८३ | ५१,९८३ |
| ८ | जग्गा खरिद तथा विकास खर्च | १८,३८१ | ३०९ | १४२ | ७२ | ४०,४६४ | ५९,३६८ |
| ९ | निर्माण अवधिको ब्याज | ४८,००३ | ६३,३४६ | २१२,२२५ | ४०८,३७६ | ६८,०५० | ८००,००० |
| १० | परियोजना सुपरिवेक्षण तथा इन्जिनियरीङ्ग | ३१,९२६ | १९,८३९ | ११,५२६ | १०,७२६ | ९३,८१२ | १६७,८२९ |
| ११ | ट्रान्समिशन लाईन तथा इन्टरकनेक्शन | १०,८९८ | १३५ | १०,०२३ | २६२,८४३ | ८६,१०१ | ३७०,००० |
| १२ | व्यवस्थापन खर्च | ४२,५६१ | ४३,८७२ | ३२,८०९ | ५४,५८४ | ० | १७३,८२६ |
| १३ | विमा तथा अन्य | ० | ० | ० | ० | २०,००० | २०,००० |
| | **जम्मा** | **६०९,०३२** | **१,५३५,९५८** | **३,२९३,०९१** | **६,३५९,१८५** | **१,९९०,८१६** | **८,३५०,०००** |

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** यो आयोजनाको व्यापारिक उत्पादन शुरु गर्ने मिति (Required Commercial Operation Date – RCOD) २०७८ जेष्ठ २८ गते रहेकोमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (Covid 19) महामारीका कारण काबु बाहिरको परिस्थिति उत्पन्न भई उक्त RCOD मितिलाई थप गरी २०७९/०५/०१ गते गर्नका लागि नेपाल विद्युत प्राधिकरण समक्ष निवेदन पेश भई स्वीकृती प्राप्त भएकोमा हाल विद्युत उत्पादन मिति २०७९/०८/०१ गते कायम गर्न सुपर मादी जलविद्युत आयोजना (४४ मे.वा.) को समन्वय समितिको बैठकबाट सिफारीस भई स्विकृतिको प्रकृयामा रहेको छ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

**कम्पनीले खरिद गरेको उपकरणको मूल्यः**

कम्पनीले आयोजनाको इलेक्ट्रोमेकानिकल कार्य अन्तर्गत पर्ने Turbine Generator, Transformer, Sub-station equipment लगायतका मेसीन तथा उपकरणहरुको डिजाइ (Design), उत्पादन (Manufacture), आपुर्ति (Supply), जडान(Installation), परिक्षण (Testing) तथा कमिशनिङ्ग (Commissioning) का लागि ठेकेदार कम्पनी एसिया प्यासिफिक पावर टेक कम्पनी लिमिटेड चाइनासँग मिति २०७५/०४/२२ (तदनुसार सन् २०१८/०८/०७) मा ठेक्का सम्झौता गरेको र ठेक्का सम्झौता अनुसार यस कार्यको लागत विदेशी मुद्रातर्फ अमेरिकी डलर ८३,६०,००० (अक्षरेपी त्रियासी लाख साठि हजार मात्र) अर्थात नेपाली रुपैया रु.१ अर्ब ३२ लाख रहेको छ ।

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण** : सम्झौता नगरिएको ।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण** : यस आयोजनाको जडित क्षमता ४४ मेगावाट र बार्षिक उत्पादन क्षमता २४२.६५ गिगावाट आवर रहेको छ । यसबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरिने छ । विद्युत बिक्रिका लागि प्रतिस्पर्धा गर्नुपर्ने अवस्था रहेको छैन ।

ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोतः** कास्की जिल्लाको मादी गाउँपालिका भएर बहने मादी खोलाको पानी उपयोग गरिने छ । सो स्रोत उपयोगका लागि उर्जा मन्त्रालयबाट ३५ वर्षका लागि अनुमति प्राप्त भएको छ ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः** कास्की जिल्लाको मादी गाउँपालिका भएर बहने मादी नदीको पानी ।

(ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने ।**

(अ) निष्काशन तथा बिक्रि प्रबन्धक – रु.४,५०,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(इ) प्रत्याभूतिकर्ता शुल्क – रु.६,३०,०००/–

(ई) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नरहेको ।

(उ) लेखापरिक्षकको शुल्क – आ.व. ०७७/७८ को लेखापरीक्षण शुल्क बापत रु. १,५०,०००/–(मुल्य अभिवृद्धि कर बाहेक) ।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) – संकलन केन्द्रहरुले रकम संकलन तथा फिर्ता भुक्तानी गरे बापत (स्थानीय बासिन्दा तथा सर्वसाधारणहरुलाई निष्काशन गरिने समेत) अन्य खर्चहरु संकलन केन्द्रसँग सहमति भए वमोजिम हुनेछ ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः**

सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :**

प्रिमियममा शेयर जारी नगरिएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” मा भएको व्यवस्था अनुसार साधारण शेयर बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकि रहेको निष्काशित शेयर आवेदकहरुलाई पूनः १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकि भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा नियमानुसार बोर्डलाई जानकारी गराइनेछ ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोली पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।
७. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ ।
८. आयोजना प्रभावित क्षेत्र, बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा कर्मचारीलाई छुट्याइएको शेयर न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकि रहेको शेयर सर्वसाधारण समुहमा थप गरी बाँडफाँड गरिनेछ । साथै, सर्वसाधारण समुहबाट समेत न्यून माग भएमा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकि रहेको शेयर कम्पनी र प्रत्याभुतीकर्ता वीच भएको प्रत्याभूत सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतिकर्ताले खरिद गर्नेछ ।
९. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु लाई सुरक्षित गरिएको शेयर मध्ये अति प्रभावित क्षेत्रका बासिन्दालाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकलाई तथा कम प्रभावित क्षेत्रका बासिन्दालाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकलाई मात्र बाँडफाँड गरिनेछ । साथै एक क्षेत्रबाट निष्काशन गरिएको शेयर भन्दा बढीको आवेदन प्राप्त भई अर्को क्षेत्रमा निष्काशन गरिए भन्दा कम शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएमा बढि माग भए बराबरको शेयर अर्को क्षेत्रमा थप गरि बाँडफाँड गरिने छ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:** शेयर बापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ। उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर बापतको रकम मात्र माग गरी बाँकि रकम सोही खातामा कानुन बमोजिम सहभागी बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईने छ।

**नोटः स्थानिय बासिन्दाहरुको हकमा आस्बा सेवाको व्यवस्था नरहेको ।**

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर:** "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्बा) ले गरेको ब्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने ब्यवस्था रहेको।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएका व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण:** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइनेछ। साथै सूचिकरण पश्चात उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु, निष्काशनकर्ता कम्पनीका कर्मचारीहरुका लागि छुट्याई निष्काशन गरिएको साधारण शेयर तोकिएको समयावधिसम्म खरिद बिक्रि गर्न नमिल्ने गरी हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइने छ।

**ग.१०.च. प्रत्याभुति सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

१. **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम :** श्री प्रभु क्यापिटल लिमिटेड।

२. **ठेगाना :** का. म. न. पा. वडा नं. २९, कमलादी, काठमाण्डौ।

३. **प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** यस विवरणपत्रद्वारा निष्काशन तथा बिक्रि गरिने साधारण शेयर बिक्रि नभएमा नेपाल धितोपत्र बोर्डबाट मर्चेण्ट बैंकरको काम कारोवार गर्न इजाजत पत्र प्राप्त संस्था श्री प्रभु क्यापिटल लिमिटेड, का.म.न.पा. वडा नं. २९, काठमाण्डौबाट प्रति शेयर अंकित मूल्य रु.१००/- दरका ३१,५०,००० कित्ता शेयर बराबर रकम रु.३१,५०,००,०००/- को शेयर प्रत्याभूति गरिएको छ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. सम्झौतामा प्रथम पक्ष भन्नाले शेयर निष्काशनकर्ता कम्पनी श्री सुपर मादी हाइड्रोपावर लिमिटेड तथा द्वितिय पक्ष भन्नाले प्रत्याभुतिकर्ता श्री प्रभु क्यापिटल लिमिटेड लाई बुझिन्छ।

२. कम्पनीले निष्काशन गर्न लागेको ३१,५०,००० कित्ता शेयर रु. १००/- का दरले हुने रु. ३१,५०,००,०००/- (एकतिस करोड पचास लाख) प्रत्याभुतिकर्ताले प्रत्याभुति गर्न मञ्जुर गर्दछ।

३. प्रथम पक्षले ३१,५०,००० कित्ता शेयरको प्रत्याभुति ब्यवस्था गर्न प्रत्याभुतिकर्तासँग प्रत्याभुति रकम रु ३१,५०,००,०००/- (एकतिस करोड पचास लाख) प्रत्याभुति गरे बापतको ०.२०% का दरले हुन आउने कमिशन रकम रु ६,३०,०००/- (छ लाख तिस हजार) आवश्यक कर कट्टि गरी प्रत्याभुतिकर्तालाई दिन प्रथम पक्ष मञ्जुर गर्दछ। यदि स्थानियबासी र सर्वसाधारणलाई जारी गरेको शेयर बिक्रि नभएमा बिक्रि नभएको शेयर बरावरको रकमको ४% का दरले प्रत्याभुति शुल्क द्वितिय पक्षलाई बुझाउन प्रथम पक्ष मञ्जुर गर्दछ।

४. कम्पनीको शेयर सर्वसाधारणमा बिक्रि गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पुरा हुनेछ।

५. शेयर प्रत्याभुति सम्झौताको समयावधि सम्झौता भएको मिति २०७८/०७/२८ देखि मिति २०७९/१०/२८ सम्म कायम हुनेछ।

६. निष्काशन कम्पनीले निष्काशन गर्न लागेको शेयरको निष्काशन तथा विक्रि खुला हुनु अगावै कुनै प्रकारको निष्काशनलाई प्रभावित हुने प्रकृतिको जस्तै कुनै गम्भिर कानुनी कारवाही परेमा, सञ्चालक समितिमा सारभुत परिवर्तन भएमा, प्रमुख ब्यवस्थापकहरु परिवर्तन (आन्तरिक सरुवा बाहेक) भएमा, अप्रत्याशित रुपमा ठुलो दायित्व श्रृजना भएमा वा कम्पनीले अप्रत्याशित रुपमा ठुलो नोक्सानी ब्यहोर्नुपर्ने भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै लिखित रुपमा प्रत्याभुतिकर्तालाई गराउनु पर्नेछ। सो जानकारी प्राप्त भएपछि प्रत्याभुतिकर्ताले त्यसबाट पर्न जाने जोखिमको पूनर्मुल्याङ्कन गरी यस सम्झौतापत्रमा संशोधनका लागि दुवै पक्षहरुको आपसी सहमतिमा यो सम्झौता संशोधन गर्न सकिनेछ।

७. यो सम्झौताको कार्यान्वयन प्रचलित कानुन तथा मुलुकी देवानी संहिता, २०७४ बमोजिम हुनेछ।

८. प्रत्याभूति गरेको शेयर ग्रहण गर्नु परेमा उक्त शेयर ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई शेयरप्रतिको हक अधिकार प्राप्त हुनेछ।

९. यस सम्झौताको कार्यान्वयन र व्याख्यामा मत भिन्नता भएमा वा विवाद उत्पन्न भएमा दवै पक्षको सहकार्यमा विवाद निरुपण गरिनेछ। सो बाट विवाद निरुपण नभएमा प्रचलित ऐन बमोजिम विवाद निरुपण गरिनेछ।

१०. दुवै पक्षहरुको आपसी सहमतिमा यस सम्झौतामा भएको शर्त बन्देजहरु फेरवदल र संशोधन गर्न सकिनेछ। त्यस्तो फेरवदल र संशोधनलाई यस सम्झौताकै अभिन्न अंग मानिनेछ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरुः**

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरणः** यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ।

(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाक्तमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, डिल्लिबजार, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक सानिमा क्यापिटल लिमिटेड, सममार्ग, नक्साल, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ।

(ग) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

कम्पनीको आयोजनास्थल रहेको आयोजना अति प्रभावित क्षेत्र कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. १ र २ का स्थानीय बासिन्दाहरु तथा आयोजना प्रभावित क्षेत्र कास्की जिल्लाको मादी गाउँपालिकाको वडा नं.३,४,५,६,७,८,९,१०,११ र १२ तथा पोखरा म.न.पा. वडा नं. २६, २७ तथा २८ मा स्थायी वसोवास गर्ने नेपाली नागरिकहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।

१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैँले दस्तखत गरी आयोजना क्षेत्रको बासिन्दा प्रमाणित गर्ने नागरिकता वा स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्धारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

४. विवाह भै आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ।

५. बसाईं सराई गरी आएको हकमा आह्वान पत्र प्रकाशित हुनुभन्दा अगावै बसाईं सराईं गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ।

६. माथि उल्लेखित हुन छुटेका विवरण प्रक्रियामा विवाद आएमा सम्बन्धित स्थानीय निकायको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।

९. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको हुनुपर्नेछ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ।

१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।

१३. संस्थापक तथा एकाघर परिवारका सदस्य र आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१४. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१५. रु.५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

१६. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा स्थायी लेखा (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

१७. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ।

१८. दरखास्त फाराममा सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्ने छ।

**नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा वसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानियवासी तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् साथै अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समुहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।

**सर्वसाधारणमा निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्**

१. यस विवरण पत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहने सर्वसाधारणले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

२. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले आस्वा (ASBA) अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

३. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् ।

४. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं.आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।

६. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

७. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने ब्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

८. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा स्थायी लेखा (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

## ग.११. सम्बन्धित पक्षबीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकमः**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको ब्यक्तिः** कम्पनीको नियमित व्यवस्थापन कार्यमा संलग्न भए बापत मासिक रुपमा पारिश्रमिक लिएको ।

(ख) **आधारभूत शेयरधनी** : नरहेको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्यः** कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : नरहेको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुराः** कार्यकारी संचालक संग कम्पनीको दैनिक कार्यसञ्चालन गर्ने सम्बन्धी बाहेक अन्य कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्नेः**
ऋण कारोबार गरेको छैन ।

## ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :**
सो नभएको ।

## ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्याः** निष्काशनकर्ता कम्पनी सूचीकृत संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

## ग.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

## ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण :

(क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) **लेखापरीक्षकः** कम्पनीको आ.व.२०७८/७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण गर्न श्री एल अधिकारी एण्ड एसोसिएट्स चार्टड एकाउन्टेन्टलाई नियुक्ति गरिएको छ ।

आ) **यस निष्काशनको लागि प्रमुख बैंकको ब्यवस्था गरिएको छैन ।**

इ) **निष्काशन बैंक (Bankers to the Issue)** : यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री सानिमा बैक लिमिटेड, नक्साल, काठमाण्डौं । | सानिमा क्यापिटल लिमिटेड (सुपरमादी आईपिओ) | ९०९०१००१०००१७१ |

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री टिपि अधिकारी एण्ड एसोसिएट्सले प्रमाणित गरेको छ ।

